अपाङ्गता अधिकारलाई व्यवहारिक रूपमै कार्यान्वयन... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ९२ • २०८२ साल भाद्र ४ गते बुधबार (20 August, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

## महाभियोगबारेमा मधेश केन्द्रित दल विभाजित

**टुडे समाचारदाता**

जनकपुरधाम । उपसभामुख इन्दिरा रानामाथि महाभियोग लगाउने विषयमा मधेश केन्द्रित दलहरु विभाजित भएको छ ।

उपेन्द्र यादवको नेतृत्वमा रहेको जनता समाजवादी पार्टी ( जसपा) नेपालले उपसभामुख इन्दिरा रानालाई हटाउने प्रस्तावमा हस्ताक्षर गर्न अस्वीकार गरेको छ ।

सत्ता गठबन्धनले बोलाएको बैठकमा उपस्थित भएको जसपा नेपालले उपसभामुख बाहिर रहेको समयमा हटाउन नहुने तर्क गर्दै हस्ताक्षर गर्न मानेनन् ।

जसपा नेपालकी सचेतक रेखा यादवले आफ्नो दल उपसभामुख बाहिर रहेको बेला हटाउन पक्षमा नभएको जानकारी दिइन् । उनले भनिन्, 'उपसभामुख हटाउने प्रस्तावका सम्बन्धमा छलफल गर्न कांग्रेस संसदीय दलमा बोलाउनु भएको थियो। उहाँ बाहिर रहेको बेला प्रस्ताव ल्याउनु ठिक होइन भन्ने हाम्रो धारणा हो। हाम्रो पार्टीमा छलफल पनि भएको छैन, त्यसैले निर्णय दिइएको हो ।'

यसक्रममा उपसभामुख रानालाई हटाउने पक्षमा जनमत पार्टी, लोसपा नेपाल र अशोक राई नेतृत्वको जसपा उभिएको छ ।

जनमत पार्टीका केन्द्रीय प्रवक्ता शरदसिंह यादवले उपसभामुख रानालाई हटाउन सत्ता साझेदार दलहरूबीच छलफल भएको बताउँदै पार्टीले पनि त्यो एजेन्डामा समर्थन जनाएको बताए ।

# गौर हत्याकाण्डबारे सर्वोच्चको फैसलामा यादवको टिप्पणी

# अनुसन्धान गरे सहयोग गर्छु, पूर्णपाठको प्रतीक्षा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले गौर हत्याकाण्डको पुनः अनुसन्धान गरे आफूले निष्पक्ष सहयोग गर्ने बताएका छन् ।

१८ वर्षअघिको बहुचर्चित गौर हत्याकाण्डको छानबिन अघि बढाउन भन्दै सर्वोच्च अदालतले सोमबार आदेश दिएको थियो ।

गौर हत्याकाण्डका घाइतेमध्येका एक त्रिभुवन साह लगायतले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले छानबिनका लागि परमादेश जारी गरेको छ ।

सोही विषयमा अध्यक्ष यादवले सरकारले अनुसन्धान अघि बढाए आफूले अनुसन्धानमा सहयोग गर्ने बताए ।

उनले अदालतलाई आफूहरूले सम्मान गर्ने भन्दै घटना भएको बेलामा पनि सरकारले अनुसन्धान गरी तथ्य बाहिर ल्याइसकेको बताए ।

न्यायिक जाँचबुझ आयोगका साथै राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रसंघीय मानव अधिकार आयोगसमेतले यस विषयमा अनुसन्धान गरेर आफ्ना प्रतिवेदनहरू ल्याइसकेको बताए ।

त्यही बेला नै मुद्दा अघि बढ्नसक्ने अवस्था नरहेको र करिब १९ वर्षपछि आएर पुनःमुद्दा अघि बढाउनु राजनीतिक प्रतिशोध हुनसक्ने अध्यक्ष यादवको भनाइ छ । तर अझै पनि फैसलाको पूर्णपाठ नआइसकेकोले मुद्दाबारे बोल्नु हतार हुने प्रतिक्रिया दिए ।

आफूहरू जनताको अधिकारको लागि लडेको व्यक्ति भएकाले आत्तिनुपर्ने आवश्यकता नरहेको उनले बताए ।

फैसलाप्रति आफू नआत्तिएको र आत्तिनुपर्ने जरूरी नदेखेको उनको भनाइ छ । यसअघिको जाँचबुझ आयोगहरूले पनि प्रतिवादी र मुख्य प्रतिवादी आक्रमणकारीलाई देखाएको भन्दै आफूले केही नबिराएकाले डराउनुपर्ने जरूरी नरहेको उनले बताए ।



पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले भने, 'सम्मानित अदालतलाई हामी सम्मान गर्दछौं । तर के हो भन्दा यसअघि जुन बेला त्यो घटना भयो। त्यो बेला सरकारले अनुसन्धान गरी न्यायिक जाँचबुझले जाँचबुझ गरी, मानव अधिकार आयोगले अनुसन्धान गरी राष्ट्रसंघीय मानव अधिकार आयोगले अनुसन्धान गरी ती साराले अनुसन्धान गरेर त्यो बेलामा एउटा निष्कर्षमा पुगेको थियो । त्यो त्यहीँनेर गएर यो केस अघि बढ्नसक्ने अवस्था थिएन । आज आएर करिब १९ वर्षपछि अनुसन्धन गर्ने भन्ने कुरा सर्वोच्चबाट परमादेश जारी भयो भन्ने कुरा सञ्चार माध्यमबाट थाहा पाइयो। तर त्यसको पूर्णपाठ नआइकन त्यसमा प्रतिक्रिया दिने बेला भएको छैन। पहिला पूर्णपाठ पढौं। राजनीति कहीँ न कहीँ घुसेको जस्तो अनुमान मिडियाहरूले गरेका छन् । मैले अझै पनि किन यस्तो भन्नेकुरा खोजी नै रहेको छु । हामी न्यायका लागि लडेका हौँ। अन्यायका विरुद्ध, न्यायका पक्षमा खडा भएका हौँ ।'

गौर हत्याकाण्डमा मारिएका आफन्त तथा घाइतेहरूले जिल्ला प्रहरी कार्यालय, रौटहटमा जाहेरी दिँदा समेत कुनै छानबिन अघि नबढेको भन्दै अनुसन्धान अघि बढाउन आदेशको माग गरेका थिए ।मुद्दामा विपक्षी बनाइएकाले प्रहरी मुख्यालय, गृह मन्त्रालयलगायतका नाममा समेत सर्वोच्च अदालतले आदेश दिएको छ ।

यता अदालतले जसपा नेपालका अध्यक्ष यादवलगायतविरुद्ध रौतहटको गौर हत्याकाण्डको विषयमा अनुसन्धान अघि बढाउन भन्दै परमादेश जारी गरेपछि त्यसबारेमा पार्टीले कानुनविद्सँग पनि छलफल गरेको छ ।

परमादेश जारी भएलगत्तै केही कानुनविद्हरूसंग जसपा नेपालले छलफल गरेको थियो । सो छलफलमा कतिपय वकिलले यो गम्भीर विषय भएकाले यसलाई पार्टीले गम्भीर रूपमा लिनुपर्ने धारणा राखेको पार्टीका एक नेताले बताए ।

कतिपयले भने विगतमा विभिन्न आधिकारिक निकायले अध्ययन अनुसन्धान गरिसकेर प्रतिवेदन बुझाई सकेकाले थप अनुसन्धानको आवश्यकता नपर्ने सुझाव दिएको बताइन्छ । पार्टी कुनै एक्सनमा जानुभन्दा पहिले सर्वोच्च अदालतले जारी गरेको परमादेशको पूर्णपाठको प्रतीक्षा गर्नुपर्ने सुझाव पनि आएको बताइएको छ ।

जसपा नेपालका प्रवक्ता मनिष सुमनले छलफलले सरकार आफ्नो पार्टीप्रति पूर्वाग्रही रहेको निष्कर्ष निकालेको टिप्पणी गरे । प्रवक्ता सुमनले भने, 'सर्वोच्च अदालतमा एक वर्षदेखि यो मुद्दा विचाराधीन थियो, तर त्यो अवधिमा एकपटक पनि जसपा नेपालसँग कुनै सोधखोज गरेन', उनले भने, 'मुद्दा छ भन्ने जानकारी समेत गराइएन । एकाएक आदेश नै आएपछि यसमा राज्यको नियत ठिक नदेखिएको हाम्रो ठहर छ ।'

जसपा नेपाललाई मात्र नभइ यसमा मुछिएका १३० जनामध्ये कसैलाई पनि मुद्दाको बारेमा जानकारी नगराएको उनको दाबी छ । प्रवक्ता सुमनले सरकारी तथा गैरसरकारी गरी विभिन्न सात वटा संघ संस्थाले गौर घटनाको बारेमा अध्ययन गरेको बताए ।






# जोखिम घटाउन स्थानीय निकायको अगुवाई हुनेगरी कार्य अघि बढाएका छौं: गृहमन्त्री लेखक.



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले जोखिम घटाउन स्थानीय निकायको अगुवाई हुनेगरी कार्य अघि बढाइएको बताउनुभएको छ ।

विश्व मानवता दिवस-२०२५ का अवसरमा काठमाडौंमा मंगलबारदेखि सुरु भएको 'नेपाल मानवीयता सम्मेलन'को उद्घाटन गर्दै गृहमन्त्री लेखकले नेपाल भौगोलिक अवस्थाकै कारण विपदको उच्च जोखिममा रहेको जानकारी दिँदै त्यसको व्यवस्थापनमा सरकारले उच्च प्राथमिकता दिएको बताउनुभयो । कानुन र नीति निर्माण गरेर साझेदारीमा आपत्कालीन अवस्थाको तयारीमा सरकार रहेको उहाँको भनाइ थियो ।

गृहमन्त्री लेखकले भन्नुभयो, “स्थानीय नेतृत्वलाई सक्षम बनाउने र समान साझेदारीलाई सुदृढ गराउनु अहिलेको आवश्यकता हो, मानवतावादी प्रणालीलाई सक्षम बनाउँदै क्षेत्रीय एकतालाई सुदृढ बनाउनुपर्छ ।”

विपद व्यवस्थापनमा दीगो वित्तीय क्षमता विकास गर्न जरुरी रहेको उल्लेख गर्दै उहाँले क्षेत्रीय र अन्तरराष्ट्रिय अभ्यासलाई उपयोग गर्न जरुरी रहेको बताउनुभयो । विपदका घटनामा बढोत्तरी भइरहेकोतर्फ ध्यानाकर्षण गराउँदै गृहमन्त्री लेखकले श्रोत साधनको अभाव रहेको सन्दर्भमा विश्वमै विपद व्यवस्थापनका लागि रुपान्तरण जरुरी रहेको बताउनुभयो । आपतकालीन तयारीमा तीनै तहको लगानी बढ्दै गएको जानकारी गराउँदै गृहमन्त्री लेखकले सबै किसिमका विपदबाट घरबारविहीन नागरिकको अस्थायी र स्थायी आवासका लागि रु पाँच लाख ५० हजारसम्म क्षतिपूर्ति दिने व्यवस्था गरिएको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय विपद जोखिम घटाउन तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत दिनेशप्रसाद भट्टले विपद व्यवस्थापनमा स्थानीय समुदायलाई सक्षम बनाउन जरुरी रहेको बताउनुभयो । उहाँले विपद्मा ८१ प्रतिशत मासिनको उद्धार स्थानीय निकायले गरेको र १८ प्रतिशत सुरक्षा निकायले गरेको पाइएको विवरण जानकारी गराउँदै यसले पनि स्थानीय समुदायलाई जति बलियो बनाउन सकिन्छ, त्यति नै उद्धार प्रभावकारी हुने बताउनुभयो ।

विपदमा उत्कृष्ट मानवीय कार्य गर्नेलाई सम्मान तथा पुरस्कृतको थालनी गरिएको र अब भने मापदण्ड नै बनाएर अघि बढ्न लागिएको प्रमुख कार्यकारी अधिकृत भट्टले बताउनुभयो । उहाँले कुनै घटना हुँदा उद्धार गर्नेभन्दा रिल बनाउनेतर्फ मानिसहरु देखिएकाले मानवीयता हराउँदै गएको महसुस भएको उल्लेख गर्दै मानवीयता जगाउन जरुरी रहेको बताउनुभयो ।

सम्मेलनमा एनसेटका अध्यक्ष डा आमोदमणि दीक्षित, एनसेटका कार्यकारी निर्देशक तथा सम्मेलनका संयोजक सूर्यनारायण श्रेष्ठ, डिपी नेटका अध्यक्ष राजु थापा, संयुक्त राष्ट्रसङ्घकी आवासीय संयोजक तथा मानवीय संयोजक हाना सिङ्गरलगायतले मानवीयता प्रवर्द्धनका लागि आवश्यक सहकार्यमा जोड दिनुभएको थियो ।

सम्मेलनमा नेपाल, म्यान्मार, बङ्गलादेश र पाकिस्तानका मानवीय सहयोगको उत्कृष्ट कथा प्रस्तुत गरिँदै छ । यस्तै कार्यक्रममा नेपाल, इन्डोनेसिया, फिलिपिन्सलगायत देशका प्रतिनिधिमार्फत मानवीय उद्धार, सहयोग तथा स्थानीय समुदायको अगुवाईमा विपद व्यवस्थापनका विषयमा प्रस्तुतिकरण समेत रहेको आयोजक प्रतिनिधि तथा एनसेटका स्टक्चरल इन्जिनियर रविन चौलागाईंले जानकारी दिनुभयो ।

नेपालमा विगत तीन वर्षदेखि विश्व मानवता दिवस मनाउन थालिएको हो । रासस

## वीरगञ्ज कारागार भवन जीर्ण :
# क्षमताभन्दा बढी कैदीबन्दी

वीरगञ्ज । वीरगञ्ज कारागारको भौतिक संरचना जीर्ण र कैदी तथा थुनुवाको सङ्ख्या खचाखच हुँदा व्यवस्थापनमा चुनौती थपिएको छ । यहाँको कारागारको क्षमता एक हजार कैदी राख्ने भएता पनि अहिले यहाँ कैदी र थुनुवा गरेर एक हजार तीन सय १० जनाभन्दा बढी रहेका छन् ।

जिल्ला कारागार पर्साका प्रमुख खिमराज भुसालका अनुसार कारागारको क्षमताभन्दा धेरै कैदी र थुनुवा हुँदा व्यवस्थापनमा समस्या भएको छ । विसं २०२९ देखि वीरगञ्ज कारागार सञ्चालन हुँदै आएको रेकर्ड भेट्टिन्छ । पुरानो खालको संरचना तथा धेरै कैदी र थुनुवाको व्यवस्थापन गर्नुपर्ने बाध्यता रहँदै आएको छ । खुला ठाउँमा कारागार भएको भए व्यवस्थापनमा पनि धेरै सहज



हुने थियो कि । तोकिएको क्षमताअनुसार कैदी र थुनुवा हुँदा व्यवस्थापनमा सहज हुने थियो ।

जिल्ला प्रशासन कार्यालय र कारागार व्यवस्थापनले वीरगञ्जको चिनी मिल क्षेत्रमा कारागारका लागि १८ बिघा क्षेत्रफलमा सार्ने योजना गरे पनि अहिलेसम्म मूर्तरूप लिनसकेको छैन । वीरगञ्ज कारागारमा स्वदेशी र विदेशी गरेर थुनुवा र कैदी गरेर एक हजार तीन सय १० जना रहेका छन् । यसमा स्वदेशी महिला कैदी पाँच, महिला थुनुवा ४२ र छ वर्षमुनिका दुई जना आश्रित बालिका छन् । त्यस्तै स्वदेशी पुरुष कैदी र थुनुवाको सङ्ख्या भने एक हजार ४६ जना रहेका छन् । त्यस्तै विदेशी थुनुवा र कैदीतर्फ एक सय ९९ छन् भने विदेशी महिला थुनुवा र कैदी भने १६ जना रहेका छन् ।

वीरगञ्ज कारागारमा विशेषगरी पर्सा र बारा जिल्लामा अपराध गरेर अदालतबाट दोषी ठहर भएका र अदालतबाट पुर्पक्ष थुनुवामा पठाएकालाई कैदी र थुनुवा राख्ने गरिन्छ । वीरगञ्ज कारागारमा कैदी तीन सय २९ जना रहेका छन् भने थुनुवा नौ सय ७९ जना छन् ।

कारागार प्रमुख भुसालले कारागारमा रहेका कैदी तथा थुनुवामा कहिलेकाहीँ मौसमी प्रकृतिका बिरामी देखापर्ने बताउनुभयो । “यहाँका थुनुवा तथा कैदीबन्दीमा प्रायःजसो मौसमी प्रकृतिका बिरामी देखा पर्छन्”, उहाँले भन्नुभयो, “सामान्य खालका उपचार यहाँ कार्यरत स्वास्थ्य सहायकले गर्नुहुन्छ भने अन्य बिरामीलाई भने नारायणी अस्पतालमा उपचारको लागि पठाइन्छ ।” कारागार परिसरमा करिब ४७ शौचालय रहेका छन् भने थुनुवा र कैदीले आलोपालो शौच गर्नुपर्ने बाध्यता छ ।रासस

# गाडिएका डिप बोरिंग सञ्चालनमा आउन सकेन



**टुडे समाचारदाता**

लहान । सिराहामा गाडिएका ४३३ डिप बोरिंगमध्ये आधाभन्दा बढी सञ्चालनमा आउन नसकको कृषि ज्ञान केन्द्र सिराहाले जनाएको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठले दिएको जानकारी अनुसार गोलबजार नगरपालिकामा गाडिएमा १५४ मध्ये ३२ वटा सुचारु नभएको, धनगडीमाई नगरपालिकामा २४ मध्ये १७ वटा नचलेको, भगवानपुर गाउँपालिकामा ७ मध्ये ५ वटा नचलेको, नवराजपुर गाउँपालिकामा ७ मध्ये ५ वटा नचलेको, कर्जन्हा नगरपालिकामा २८ मध्ये १६ वटा नचलेको, विष्णुपुर गाउँपालिकामा ५ मध्ये ३ नचलेको, सखुवानन्कारकटि गाउँपालिकामा गाडिएका १० वटा, बरियारपटि गाउँपालिकामा १७ मध्ये १० वटा सञ्चालनमा आउन सकेको छैन ।

त्यस्तै मिर्चैया नगरपालिकामा ३३ मध्ये २४ वटा, अर्नमा गाउँपालिकामा १५ मध्ये १४, सिराहा नगरपालिकामा २६ मध्ये १५, कल्याणपुर नगरपालिकामा रहेको एक, लक्ष्मीपुर पतारी गाउँपालिकामा २१ मध्ये कुनै पनि चालु नरहेको, सुखीपुर नगरपालिकामा १० मध्ये कुनै पनि नचलेको, नरहा गाउँपालिकामा ४१ मध्ये ३२ वटा नचलेको र लहान नगरपालिकामा १६ मध्ये १३ वटा नचलेको अवस्था रहेको महासेठले बताए ।

कतिपय पालिकामा डिप बोरिंग जडान भएको ३० वर्ष नै पुगेको भए पनि विद्युत् ट्रान्सफर्मर जडान नगरिएको, पाइपलाइन नओछ्याइएको र समिति गठन गर्न नसकेका कारण सञ्चालनमा आउन नसकेको ज्ञानकेन्द्र सिराहाका प्रमुख महासेठले बताए ।

मधेश प्रदेशलाई सुख्खाग्रस्त घोषणा गरेपछि मधेशमा सिचाइँको प्रबन्धका लागि पाँच सय डिप बोरिङ् जडान गरिने मधेशको भ्रमण गरिने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले घोषणा गरेपछि सिराहामा गाडिएका डिप बोरिङको तथ्यांक संकलन गर्दा यस्तो पाएको प्रमुख महासेठले बताए ।

सिराहामा यस वर्ष ८८.१७ प्रतिशत रोपाइँ भएको छ । यस वर्ष धानको उत्पादनमा ह्रास आउन सक्ने कृषि ज्ञान केन्द्र सिराहाको अनुमान छ ।

# जन्मदर्ता नभएका विद्यार्थीलाई एसइई फाराम भर्न दिनुपर्ने माग

काठमाण्डु । जन्मदर्ता नभएका विद्यार्थीलाई पनि माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षा फाराम भर्न पाउने व्यवस्था गर्न सांसद मदकुमारी साहले सरकारको ध्यानार्कषण गराउनुभएको छ ।

राष्ट्रियसभा सदस्य साहले बुवाआमाको पहिचान नभएका करिब २५ हजार विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र नभएका कारण एसइईको फाराम भर्न नपाएको सभाअध्यक्षमार्फत सरकारको ध्यानर्कषण गराउनुभएको हो । सभाको मंगलबारको बैठकमा शून्य समयमा बोल्दै सांसद गरिमाले यस विषयमा सभालाई जानकारी गराउनसमेत माग गर्नुभयो । “जन्मदर्ता नभएकै कारण शिक्षा आर्जन गर्न पाउने मौलिक अधिकार हनन् गर्नु राज्य अपराध हो”, उहाँले भन्नुभयो ।



शून्य समयमा बोल्दै सांसद नरबहादुर विष्टले मेलम्ची खानेपानी आयोजनाका बाबजुद् काठमाडौंमा खोनपानीको अभाव सम्बोधन हुन नसकेकोतर्फ ध्यानार्कषण गराउनुभयो ।

“असार, साउन र भदौ महिना मुल फुटेने समय हो तर काठमाडौं खानेपानी आयोजना र सङ्घीय सरकारको मिलेमतोमा पानी बन्द गरिने रहेछ”, सांसद विष्टले भन्नुभयो, “काठमाडौंबासी शूल्क तिरेर खानेपानी किन्न बाध्य छन ।”

सांसद नारायणदत्त मिश्रले रासायनिक मललाई खुल्ला बजारमा ल्याउनुपर्नेमा जोड दिँदै मल वितरणमा अनियमितता भइरहेकोतर्फसमेत ध्यानार्कषण गराउनुभयो ।

सांसद भुवनबहादुर सुनारले गत साउन २७ गते आएको बाढीले बाजुरा जिल्लाको विच्छ्यामा पुगेको क्षति र पछिल्लो अवस्थाबारे सदनलाई जानकारी गराउन सभाअध्यक्षमार्फत गृहमन्त्रालयको ध्यानार्कषण गराउनुभयो ।

शून्य समयमा बोल्दै सांसद युवराज शर्माले गरिबीको रेखामुनि रहेका नागरिकलाई रासन कार्ड उपलब्ध गराई सस्तो मूल्यमा खाद्यान्न उपलब्ध गराउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

सांसद राजेन्द्रलक्ष्मी गैरेले हमासद्वारा बन्धक बनाइएका कञ्चनपुरका विपिन जोशीको रिहाइका लागि अन्तरराष्ट्रिय दबाब र कुटनीतिक पहलका लागि माग गर्नुभयो । अन्तरराष्ट्रिय दबाबका लागि इजरायल पुगेका विपिनका आमा र बहिनीलाई आवश्यक सहयोग र समर्थनका लागि समेत आग्रह गर्नुभयो । रासस

> “जन्मदर्ता नभएकै कारण शिक्षा आर्जन गर्न पाउने मौलिक अधिकार हनन् गर्नु राज्य अपराध हो”


# लोकतन्त्र स्थापनाका लागि सरकार प्रयासरत छ: प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सूचनाको हकसहित सबै मौलिक हकहरुको कार्यान्वयन गर्दै परिपूर्ण लोकतन्त्र स्थापनाका लागि सरकार प्रयासरत रहेको बताउनुभएको छ ।

राष्ट्रिय सूचना आयोगद्वारा मंगलबार आयोजित १९औं राष्ट्रिय सूचना दिवसलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले हरेक नागरिकले आवश्यक पाउनुपर्ने तर कानुनले गोप्य राख्नुपर्ने वा सरोकार नै नभएका विषयमा सूचना थुपार्नका लागि माग्ने अभ्यासको अर्थ आफूले नबुझेको टिप्पणी गर्नुभयो ।

“हामीले लामो सङ्घर्ष गरेर लोकतन्त्र ल्याएका हौं । स्वतन्त्रता र सूचनाको हक जस्ता हकका लागि म आफैं जेलनेल लडेर आएको हो । संविधानमा हामीले जानी बुझीकन मौलिक हकहरुको व्यवस्था गरेकाले त्यसको कार्यान्वयन गर्नुपर्छ भन्नेमा अहिलेको सरकार स्पष्ट छ ।

हामी सबै फराकिलो, स्वतन्त्र र अनुशासित समाज चाहन्छौं । परिपूर्ण लोकतन्त्र हाम्रो माध्यम हो, जसभित्र सूचनाको हकसहित सबै हक समावेश गरिएको हुन्छ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “यहाँ मतलबै नभएको विषयमा पेसेवार सूचनाको हक माग्नेहरु छन् ।



व्यक्तिका गोपनीयता र अनुसन्धानका क्रममा रहेका विषयमा पनि सूचना पाउनुपर्छ भनेर ढिपी गर्नेहरु छन् । समाज र राज्यमा कतिपय विषय गोप्य नरहने भन्ने हुँदैन । हामीले शपथ ग्रहण गर्दा आवश्यक काम पर्दाबाहेक प्रकट वा व्यक्त गर्ने छैन भन्ने शपथ लिएको हुन्छौं । त्यसकारण हामी सबै आफ्नो अनुशासन र मर्यादामा रहँदै मौलिक हकको कार्यान्वयनमा लाग्नुपर्छ ।”

प्रधानमन्त्री ओलीले सरकार र सूचना आयोगबीच कुनै अधिकारको लडाइँ तथा तानातान नरहेको उल्लेख गर्दै मौलिक हकको कार्यान्वयनका क्रममा देखिएका समस्यालाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सामाजिक सञ्जाललाई दर्ता र करको नियमनमा ल्याउने तथा समाजलाई व्यवस्थित गर्नुपर्नेमा सरकार स्पष्ट रहेको बताउनुभयो ।

कार्यक्रममा सूचनाको हकका अभियन्ता, उत्कृष्ट सूचना अधिकारी, पत्रकार, कर्मचारीलगायतलाई पुरस्कृत गरिएको थियो ।रासस

## ज्योतिष-मार्गदर्शन




प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमुलक हुने छैन ।
**वृष :** व्यापार र व्यवसायको क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।
**मिथुन :** परिवारजनको साथले नयाँ आश पलाउनेछ ।
**कर्कट :** सामाजिक प्रतिष्ठा कायम राख्न थोरै बोलेको राम्रो हुन्छ ।
**सिंह :** कडा मिहिनेत र लगनशीलतापछि गरिएको कामबाट लाभ हुने सम्भावनाछ ।
**कन्या :** दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ ।
**तुला :** सामाजिक कार्यमा नेतृत्व लिएर काम गरेको राम्रो हुन्छ ।
**वृश्चिक :** आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हात लागी हुने समय छ ।
**धनु :** तर्क, विवाद र प्रतिस्पर्धामा पकड भभएको राम्रो दिन छ ।
**मकर :** यात्रामा पनि झण्झट आइलाग्नेछ ।
**कुम्भ:** पाहुनाको रुपमा आज कसैकहाँ जानु ठीक छैन ।
**मीन :** समय र स्वास्थ्य राम्रो रहनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको क्षिरेश्वनाथ नगरपालिका-२ रमदैयास्थित खेतमा धान गोडमेल (कमौटी) अर्थात धानलाई धाँसपातरहित बनाउँदै किसान। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# सीमा क्षेत्रमा थप कडाइका साथ काम गर्न निर्देशन

काठमाण्डु । सशस्त्र प्रहरी बल नेपालले सीमा क्षेत्रबाट हुने चोरीनिकासी पैठारी र अवैध आवतजावत रोक्नका लागि थप कडाइ गर्न मातहतका निकायलाई निर्देशन दिएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले मंगलबार भर्चुअल माध्यमबाट सीमा क्षेत्रमा तैनाथ सबै तहका युनिट कमाण्डरहरूलाई सीमा सुरक्षासम्बन्धी विविध विषयमा कडाइका साथ कार्यसम्पादन गर्न निर्देशन दिनुभएको हो ।

सीमा क्षेत्रमा हुने अवैध चोरी तस्करी नियन्त्रणका लागि मुख्यालयले समेत सुक्ष्म निगरानी गरिरहेको र त्यसमा कतै कमीकमजोरी देखिएमा वा शङ्का लाग्नासाथ कुनै पनि कमाण्डर छानबिन र कारबाहीको भागीदार बन्ने उहाँले चेतावनी दिनुभयो ।

हरेक कमाण्डर मुलुक, आमजनता र सङ्गठनको हितमा विवेक प्रयोग गर्न स्वतन्त्र रहेको स्पष्ट पार्दै उहाँले असल कार्यका लागि मुख्यालयको आदेशको पर्खाइमा बस्नु नपर्ने बताउनुभयो ।

महानिरीक्षक अर्यालले सीमा क्षेत्रमा कार्य गर्दा अपनाउनुपर्ने आचरणका विषयमा समय-समयमा काउन्सिलिङ गर्दै आचरणविपरीत कार्य गर्ने माथि कठोर हुनसमेत निर्देशन दिनुभयो । सीमा क्षेत्रबाट हुने अवैध आवतजावत रोक्नका लागि र शङ्कास्पद व्यक्ति देखिएमा त्यसलाई विशेष निगरानी गर्न तथा सीमा क्षेत्रलाई व्यवस्थित गर्न सधैँ चनाखो बन्न पनि उहाँले निर्देशन दिनुभयो । सीमा सुरक्षा विभाग प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेशबहादुर ठाडा मगरले त्यस क्रममा सीमा जोडिएका क्षेत्रका सबै बाहिनी मुख्यालय, गण, गुल्म तथा बिओपी कमाण्डरहरूलाई सीमा अपराध रोकथामका लागि सरोकारवाला सबै निकायसँगको समन्वय र सहकार्यमा कार्य गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सीमासँग जोडिएका बाहिनी मुख्यालय प्रमुखहरूले हाल सीमा क्षेत्रमा भइरहेका कामकारबाहीसम्बन्धी विविध विषयमा प्रस्तुतीकरण गरेका थिए भने गण, गुल्म तथा बिओपी कमाण्डरले सीमा सुरक्षाको वर्तमान अवस्था, चुनौती र भावी योजनाबारे जानकारी गराएका सशस्त्र प्रहरी बल मुख्यालयले जनाएको छ ।रासस

# पाठ्यक्रम परिमार्जन गर्न स्वास्थ्य मन्त्रालयद्वारा प्रतिवेदन हस्तान्तरण



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विद्यालय तहको स्वास्थ्य शिक्षालाई समयानूकुल, वैज्ञानिक र प्रभावकारी बनाउन पाठ्यक्रम परिमार्जनका लागि तयार पारेको समीक्षा प्रतिवेदन पाठ्यक्रम विकास केन्द्रलाई हस्तान्तरण गरेको छ।

मंगलबार स्वास्थ्य मन्त्रालयमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले उक्त प्रतिवेदन पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेललाई हस्तान्तरण गर्नुभयो।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले उक्त प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनले कक्षा १ देखि १२ सम्मको वर्तमान स्वास्थ्य पाठ्यक्रमको विस्तृत समीक्षा गर्दै बदलिँदो जीवनशैली, स्वास्थ्य चुनौती र राष्ट्रिय स्वास्थ्य नीतिहरूलाई समेट्ने गरी पाठ्यक्रम सुधारका लागि सुझावहरू सिफारिस गरेको छ।

मन्त्री पौडेलले नागरिकलाई स्वस्थ जीवनशैलीको बानी विकास गर्ने पहिलो आधार र जग विद्यालय शिक्षा भएको बताउँदै स्वास्थ्य र शिक्षा मन्त्रालयबीचको समन्वयले दीर्घकालीन रुपमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, “स्वास्थ्य केवल अस्पतालमा उपचार गर्ने विषय मात्र होइन, यो हरेक घर र विद्यालयबाट सुरु हुने चेतना हो। हाम्रा बालबालिकालाई सानै उमेरदेखि सही स्वास्थ्य जानकारी दियौँ भने उनीहरू आफ्नो र परिवारको मात्र होइन, सिङ्गो समाजकै स्वास्थ्यका लागि परिर्वतनका संवाहक बन्न सक्छन् ।”

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेलले स्वास्थ्य मन्त्रालयको अग्रसरतामा तयार पारिएको प्रतिवेदनबारे प्रशंसा गर्दै स्वास्थ्यजस्तो प्राविधिक र संवेदनशील विषयमा सम्बन्धित मन्त्रालयबाटै प्राप्त सुझावहरू अत्यन्त मूल्यवान् रहेको बताउनुभयो ।रासस

# प्रस्तावित वैकल्पिक विकास वित्त कोषको पुँजी संरचनाबारे सांसदहरू र अर्थमन्त्रीबीच फरक मत

काठमाण्डु । प्रस्तावित वैकल्पिक विकास वित्त कोषको पुँजी संरचना कस्तो हुने भन्ने विषयमा अर्थ समितिका सांसदहरू र उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलबीच फरक मत देखिएको छ।

‘वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२’ मा वैकल्पिक विकास वित्त कोषको अधिकृत पुँजी रु एक खर्ब र चुक्ता पुँजी रु २५ अर्ब हुने गरी प्रस्ताव गरिएको छ । अर्थ समितिका सदश्यहरूले उक्त पुँजी संरचना बढाउनुपर्ने धारणा राखेका थिए भने अर्थमन्त्री पौडेलले पुँजी बढाउन नसकिने बताउनुभएको छ। विद्यमान पुँजी संरचनाअनुसार नै विधेयक अघि बढाउने तर भोलिका दिनमा पुँजी संरचना बढाउन सक्ने अधिकार मन्त्रिपरिषद्लाई दिन सकिने गरी अर्थ समितिले विधेयकमाथिको प्रतिवेदन तयार पारेको छ।

“मन्त्रिपरिषद्ले राजपत्रमा सूचना प्रकाशित गरी अधिकृत पुँजी वा चुक्ता पुँजी बढाउन सक्नेछ भन्ने व्यवस्था विधेयकमा थप गर्ने निर्णय भएको छ”, समिति सभापति सन्तोष चालिसेले भन्नुभयो । समितिको आजको बैठकले विधेयकमाथिको समितिको प्रतिवेदनसमेत पारित गरेको छ।

विधेयकमाथिका यसअघिका छलफलमा समेत सांसदहरूले कोषको पुँजी बढाउनुपर्ने धारणा समितिमा राख्दै आएका थिए । आज प्रतिवेदन पारित गर्नुअघि पुँजी संरचना बढाउनुपर्ने भन्दै अधिकांश सांसदहरूले आफ्नो मत राख्नुभएको थियो । तर अर्थसचिव घनश्याम उपाध्यायले चुक्ता पुँजी र अधिकृत पुँजीबारे विधेयकमा प्रस्ताविक संरचनाले ठूला आयोजनामा लगानी गर्नका लागि समस्या नहुने भएकाले त्यसलाई बढाउन उपयुक्त नहुने धारणा समितिमा राख्नुभएको थियो । अर्थसचिवको जवाफबाट समितिका सांसदहरू विश्वस्त हुन नसकेपछि अर्थमन्त्री पौडेललाई समितिमा बोलाएर पुँजी संरचना बढाउन मिल्ने वा नमिल्ने बारे समितिका सांसदहरूले जिज्ञासा राखेका थिए।



“हामीले विकासका लागि वैकल्पिक वित्त परिचालन गर्ने भनेर कानुन बनाउँदै छौँ। नयाँ खालको कोष ल्याउने भनिएको छ, तर रु २५ अर्ब चुक्ता पुँजी र रु एक खर्ब अधिकृत पुँजीको यति सानो कोषलाई जनताले पत्याउँदैनन् । जनतालाई आशा जगाउने गरी पुँजी वृद्धि गरेर जानुपर्छ”, समितिका सदश्य सूर्यबहादुर थापा क्षेत्रीको भनाइ थियो । सांसदहरू छिरिङ डम्डुल लामा (भोटे), जुलीकुमारी महतो (महासेठ), नारायणी शर्मा, मेटमणि चौधरीले पनि पुँजी बढाएर जानुपर्ने धारणा राख्नुभएको थियो ।

तर अर्थमन्त्री पौडेलले कोषको प्रस्तावित पुँजी संरचनाभन्दा बाहिर जान नसकिने अडान लिनुभयो । “हामीले जनतालाई सही कुरा बताएर आशा जगाउने हो । कोषका लागि यस वर्षको बजेटमा राखिएको भन्दा बढी रकम खोज्न सकिँदैन । पुँजी बढाउने हो भने कुनै योजनाको बजेट काट्नुपर्ने हुन्छ । त्यो गर्न मिल्दैन”, अर्थमन्त्री पौडेलको भनाइ थियो । त्यस्तै, ठूलो लगानीका आयोजना अघि बढाउनका लागि कोषको पुँजी संरचना बाधक नहुने पनि अर्थमन्त्री पौडेलले स्पष्ट पार्नुभयो ।

सांसदहरूले पुँजी बढाउनुपर्ने र अर्थमन्त्रीले बढाउन नसकिने धारणा राखेपछि अर्थ समितिले ‘मध्यमार्गी बाटो’ भन्दै अहिले विधेयकमा प्रस्ताव गरिएकै आकारमा अघि बढाउने र भोलिका दिनमा पुँजी बढाउन सक्ने अधिकार मन्त्रिपरिषद्लाई दिने गरी प्रतिवेदन तयार पारेको छ । विधेयकअनुसार कोषको अधिकृत पुँजी रु एक खर्ब र चुक्ता पुँजी रु २५ अर्ब हुनेछ । त्यसमा नेपाल सरकारको ५१ प्रतिशतअर्थात् रु १२ अर्ब ७५ करोड बराबरको शेयर लगानी गर्ने प्रस्ताव गरिएको छ । कोषमा नेपाल सरकार, अन्तरराष्ट्रिय वित्तीय संस्था वा वदेशी बैंक वा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बिमा कम्पनीहरूले लगानी गर्न पाउनेछन् । प्रदेश सरकार तथा स्थानीय तहहरूले पनि कोषको शेयर खरिद गर्नसक्ने प्रावधान अर्थ समितिले विधेयकमा थपेको छ।

त्यस्तै, अर्थ समितिले कोषको संरचनामा पनि परिवर्तन गरेको छ। यसअघि विधेयकमा कोषमा अर्थसचिव अध्यक्ष रहने गरी सञ्चालक समितिको मात्रै व्यवस्था गरिएकोमा अर्थ समितिले त्यसभन्दा माथि निर्देशक समिति रहनेगरी संशोधन गरेको छ । अर्थमन्त्रीको संयोजकत्वमा रहने निर्देशक समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, मुख्यसचिव र लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सदश्य रहनेगरी अर्थ समितिले प्रतिवेदन तयार पारेको हो।

वैकल्पिक विकास वित्त कोषबाट कृषि, वन पैदावार र खानी तथा खनिजजन्य क्षेत्रमा पनि लगानी गर्न सक्नेगरी अर्थ समितिले विधेयकमा थप गरेको छ। विधेयकअनुसार विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजना, सडक, रेलमार्ग, विमानस्थल, सुरूङमार्ग, औद्योगिक विकास पूर्वाधार निर्माण (विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुक्खा बन्दरगाह वा सूचना प्रविधि पार्क) निर्माणका लागि वैकल्पिक वित्तका स्रोत प्रयोग गर्न सकिनेछ । त्यस्तै, सहरी विकास पूर्वाधार निर्माण, केबुलकार, रज्जुमार्ग, पोड बेलगायत संरचना निर्माण एवं संचालनका लागि यस्ता कोष परिचालन गरिने जनाइएको छ। निजी क्षेत्रले कार्यान्वयन गर्ने सार्वजनिक-निजी साझेदारी अन्तर्गतको राष्ट्रिय प्राथमकिता प्राप्त परियोजनामा पनि कोषले लगानी गर्न सक्नेछ। यद्यपि, रु एक अर्बभन्दा कम लागत अनुमान भएको परियोजनामा भने कोषबाट लगानी गर्न नसिकने विधेयकमा उल्लेख छ।

तत्काल प्रतिफल दिन नसक्ने परियोजना, ऋण वा जमानतबापत धितो दिन नसक्ने परियोजना, कोषले जारी गरेको ऋणपत्र वा डिवेञ्चर धितो वा जमानत राखी ऋण माग गर्ने परियोजना, कुनै प्राकृतिक व्यक्तिले कार्यान्ववयन गर्ने परियोजनामा कोषले लगानी गर्नेछैन ।

त्यस्तै, कोषको बहालवाला सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत वा त्यस्तो पदाधिकारी बहाल हुनुभन्दा कम्तीमा तीन वर्षअघि आधारभूत शेयर धनी, साझेदार, सञ्चालक वा सदस्य रहेको फर्म, कम्पनी वा संस्थाले कार्यान्वयन गर्ने परियोजनामा पनि लगानी गर्न नपाइने व्यवस्था विधेयकमा राखिएको छ।

मुलुकको समृद्धि, दिगो विकास तथा उत्पादकत्व वृद्धिका लागि अत्यावश्यक पूर्वाधार परियोजना कार्यान्वयन गर्न परम्परागत लगानीका अतिरिक्त वैकल्पिक वित्त परिचालन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो । विभिन्न किसिमका ऋणपत्र, प्रत्याभूति पत्र, स्वपुँजी कोषलगायत विभिन्न वित्तीय वा मौद्रिक उपकरणमार्फत वैकल्पिक वित्त परिचालन गर्न सकिने विधेयकमा उल्लेख छ ।रासस

# नेपाली पर्यटनको कथा टिकटकमार्फत संसारलाई सुनाइने

काठमाण्डु । हिमाल, संस्कृति र प्रकृतिले सम्पन्न देश नेपाललाई विश्वले विभिन्न रूपले चिनेको छ। कहिले सगरमाथा र हिमालमार्फत, कहिले बुद्धमार्फत, कहिले संस्कृतिका विविध रङ्गहरूमार्फत् त कहिले अनुपम प्रकृतिमार्फत् । अब भने नेपालले सामाजिक सञ्जाल ‘टिकटक’ को उपयोग गर्दै आफ्नो कथा संसारभर सुनाउने भएको छ।

नेपाल पर्यटन बोर्डले नेपालाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले टिकटकसँग साझेदारी गरिएको जनाएको छ। यस साझेदारीले नेपालका प्राकृतिक दृश्य, सांस्कृतिक सम्पदा, पर्व-उत्सव, खानपान र साहसिक अनुभवलाई विश्वका करोडौं डिजिटल दर्शकमाझ पुऱ्याउने लक्ष्य लिइएको छ।

यहाँ यहाँ आयोजित साझेदारीपत्र आदानप्रदान कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन बोर्ड र टिकटकबीचको यो सम्झौता केवल प्रचारप्रसारको काम मात्र नभई नेपाललाई नयाँ पुस्तासम्म पुऱ्याउने अभियान भएको बताउनुभयो । आजका युवाले भ्रमणको निर्णय गर्नुअघि वास्तविक कथा र अनुभव खोज्न चाहने भन्दै उहाँले टिकटकमार्फत उनीहरूसम्म नेपालका अद्वितीय पर्यटकीय गन्तव्यका कथा सुनाउने र देखाउने अवसरको उपयोग हुने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री पाण्डेले पर्यटनलाई नेपालको समग्र आर्थिक विकासको मेरुदण्डका रूपमा उल्लेख गर्दै यस सहकार्यमार्फत ग्रामीण समुदाय, साना व्यवसायी र स्थानीय पथप्रदर्शकलाई प्रत्यक्ष फाइदा पुग्ने बताउनुभयो । “हामीले सधैँ नेपाललाई हिमाल र अध्यात्मको देशका रूपमा चिनाइरहेका छौँ । हाल समय बदलिएको छ। डिजिटल प्लेटफर्ममा देखिने कथा नै विश्वयात्रुका लागि पहिलो प्रेरणा बन्न थालेका छन् । त्यसैले टिकटकसँगको सहकार्यले नेपाललाई डिजिटल पुस्तासम्म पुऱ्याउने बाटो खोलिदिएको छ।”




पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको सौन्दर्य र आत्माको कथा संसारभर पुऱ्याउन महत्त्वपूर्ण समझदारी भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “हाम्रो लामो प्रयासलाई अब टिकटकको विश्वव्यापी पहुँचले थप बल दिनेछ । यो सहकार्यले केवल बाहिरी पर्यटकलाई आकर्षित गर्ने मात्र नभइ स्वदेशमा रहेका युवालाई पनि आफ्नो संस्कृति, पर्व र अनुभवलाई नयाँ ढङ्गले अभिव्यक्त गर्ने अवसर दिनेछ।”

सिईओ जोशीका अनुसार बोर्डले अन्तरराष्ट्रियस्तरका ‘ट्राभल कन्टेन्ट क्रिएटर’लाई नेपालमा आमन्त्रित गर्नेछ र उनीहरूलाई हिमाल, ताल, मठ-मन्दिरदेखि ‘होमस्टे’सम्म पुऱ्याएर प्रचारप्रसार गरिने योजना सुनाउनुभयो।

साझेदारीअन्तर्गत टिकटकले नेपालमै डिजिटल प्लेटफर्ममार्फत कथा सुनाउने विषयमा कार्यशाला गर्नेछ। जसमा नेपाली ‘कन्टेन्ट क्रिएटर’लाई दर्शक विस्तार, ब्रान्ड सहकार्य र विश्वस्तरीय प्रस्तुतीकरणबारे तालिम दिइनेछ।

कार्यक्रममा टिकटकका दक्षिण एसिया सार्वजनिक नीति प्रमुख फर्दोस मत्ताकिनले टिकटकमार्फत् हरेक दिन करोडौं मानिसले नयाँ गन्तव्य र अनुभव खोजी गर्ने भएकाले नेपालको पर्यटन प्रवर्द्धनमा यस सहकार्यले योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । “टिकटकमा हरेक दिन करोडौं मानिस नयाँ गन्तव्य र अनुभव खोज्छन् । नेपालजस्तो हिमाल, अध्यात्मक, विविध संस्कृतिले भरि पूर्ण देशलाई छोटा भिडियोमार्फत संसारभर पुऱ्याउन पाउनु हाम्रो लागि पनि गर्वको विषय हो । सहकार्यले नेपाललाई विश्वका पर्यटकको ‘बकेटलिस्ट’ मा थप बलियो गरी स्थापित गर्नेछ”, उहाँले भन्नुभयो ।

मत्ताकिनले यस अभियानअन्तर्गत ‘ लाइफटाइम एक्पिरियन्स’ ह्यासट्यागमा विशेष ‘इन-एप प्लेटफर्म’ बनाइने जानकारी दिनुभयो । उहाँले अगाडि भन्नुभयो, “हिमालयदेखि तराईका नदी, उत्सवदेखि खानपान र साङ्गीतिक परम्परा सबैलाई छोटा भिडियोमा उतारेर विश्वभर देखाइनेछ।”

समझदारीमा सन् २०२५ को बाँकी अवधिभर यो अभियान चरणबद्ध रूपमा सञ्चालन गरिने उल्लेख छ । यसबीचमा काठमाडौँमा ‘भिजिट नेपाल’ कार्यक्रम आयोजना हुनेछ र जसमा अन्तरराष्ट्रिय ‘ कन्टेन्ट क्रिएटर’, सांस्कृतिक दूत र पर्यटन व्यवसायीको सहभागिता रहनेछ।

नेपाल पर्यटन बोर्ड र टिकटकको यो समझदारीले नेपाललाई नयाँ पुस्ता, नयाँ बजार र नयाँ विश्व पर्यटन सन्दर्भमा ‘ डिजिटल पुल’ को काम गर्ने विश्वास गरिएको छ ।रासस

# सूचनाको हक संरक्षण गर्न नागरिक समाजको माग

काठमाण्डु । संविधानमा मौलिक हकका रूपमा स्थापित सूचनाको हकको संरक्षण गरिनुपर्नेमा जोड दिएको छ ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले तीन दर्जन बढी नागरिक संस्थाको सहभागितामा आज माइतीघरमण्डलामा आयोजना गरेको ‘सूचनाको हक संरक्षणका लागि सडक सभा’ कार्यक्रममा नागरिक समाजका अगुवा तथा मानवअधिकार तथा शान्ति समाजका संस्थापक कृष्ण पहाडीले सरकारले सूचना दिने वातावरण बनाउनुपर्ने बताउनुभयो । मन्त्रीहरूको सम्पति विवरण सार्वजनिक नहुनु दुःखद् भएको उहाँको भनाइ थियो।

सूचनाको हकका अभियानकर्मी तारानाथ दाहालले सूचनाको हकसम्बन्धी ऐन आएको १८ वर्ष भइसक्दा पनि यसको संरक्षणको लागि नागरिक समाज सडकमा आउनुपर्नु विडम्बना भएको बताउँदै सम्बन्धित निकायलाई सधैँ खबरदारी गरिराख्न नागरिक समाज तयार सहनुपर्ने बताउनुभयो।

नेपाल बार एसोसिएसनका अध्यक्ष डा विजयप्रसाद मिश्रले सूचनाको हकसम्बन्धी ऐन जारी गर्न सरकारलाई सम्मानित सर्वोच्च अदालतले आदेश दिएको प्रसङ्ग उल्लेख गर्दै यसको संरक्षणमा सबै लाग्नुपर्ने बताउनुभयो।


वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सूचनाको हर्क लोकतन्त्रको मुटु र आत्मा हो भन्दै सरकार यसप्रति प्रतिबद्ध हुनुपर्ने बताउनुभयो । मानवअधिकारवादी नेता




चरण प्रसाइँले भर्खरै सरकारले नियुक्त गरेको सत्य निरूपण तथा बेपत्ता छानबिन आयोगको पदाधिकारी नियुक्तिमा सूचना माग गर्दा सूचना नपाएको बताउनुभयो।

गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराई, नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष नितु पण्डित, सूचनाको हकका लागि महासङ्घका अध्यक्ष उमीद वागचन्द, वरिष्ठ उपाध्यक्ष ताराबहादुर भण्डारीलगायतले सूचनाको हक संरक्षणका लागि सडक सभा गर्न आउन बाध्य हुनुपरेको, पछिल्लो समय सूचना आयोगले गरेका आदेश सूचनाको हकको कानुन र मूल्य मान्यताविपरीत भएकाले त्यसलाई सुधार गरिनुपर्नेमा जोड दिनुभयो।रासस

**Consulate General of India**
**Birgunj, Nepal**
**TENDER NOTICE**
**No.Birg/813/01/2025**
**Dated 20.08.2025**
CGI, Birgunj invites sealed bids from eligible interested bidders for hiring of security agency for providing six (06) Local Security Guards. The detailed notice for this tender may be downloaded from our website: https://www.cgibirgunj.gov.in/tenders.php. The last date of submission of sealed bids is 06.09.2025. by 1600 hrs.



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# गौर हत्याकाण्डले निम्त्याएको आशंका

सर्वोच्च अदालतले परमादेश जारी गरेपछि रौतहट जिल्लाको गौर हत्याकाण्डको फाइल खोलिने भएको देखिन्छ। गौर हत्याकाण्डको फाइल १८ वर्षपछि १ सय ३० जनाको नाम आरोपीको सूचीमा रहेको छ। सो जाहेरीमा जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवको नाम पनि रहेको छ। उनको नाम आएपछि जसपा नेपालका नेता तथा कार्यकर्ताहरु अदालतको परमादेशविरुद्ध नै आन्दोलनमा उत्रिएका छन्। १८ वर्ष अघि गौरमा भएको हत्याकाण्डको छानबिन गरी दोषीमाथि कारबाही हुनुपर्ने मागसहित पीडितहरुले रिट दायर गरेको थियो। गौर हत्याकाण्डमा मारिएकाहरूका आफन्तहरूले जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिँदासमेत छानबिन नभएको भन्दै अनुसन्धान अघि बढाउन आदेश माग गर्दै सर्वोच्चमा रिट हालेका थिए। २०६३ साल चैत ७ गते रौतहटको गौरमा रहेको राइस मिलमा तत्कालीन मधेशी जनअधिकार फोरम र तत्कालीन नेकपा माओवादीले एकै स्थानमा मञ्च तयार पारी कार्यक्रमको आयोजना गर्दा हिंसात्मक झडप भएको थियो। सो घटनामा माओवादी तर्फका २७ जनाको हत्या भएको थियो। हत्यामा तत्कालीन फोरमका अध्यक्ष समेत रहेका वर्तमान जसपा नेपालका अध्यक्ष समेत रहेका पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवलगात फोरमसम्वद्ध नेता, कार्यकर्ताको संलग्नता रहेको दाबी गरिँदै आएको छ। २०८० सालमा नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ गृहमन्त्री रहेका बेला आम जनता पार्टी (आजपा)का अध्यक्ष समेत रहेका सांसद प्रभु साहले गौर हत्याकाण्डको अनुसन्धान गर्न दबाबमूलक संघर्ष गरेका थिए। आजपाका महासचिव रहेका त्रिभुवन साहले पीडित परिवारको तर्फबाट सर्वोच्चमा मुद्दा दर्ता गरेका थिए।अदालतको परमादेशपछि गौर हत्याकाण्डको अनुसन्धान हुने भएको छ। हत्याकाण्डविरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिँदा प्रहरीले छानबिन गरी दोषीमाथि मुद्दा दायर नगरेको भन्दै पीडितका परिवार तथा आफन्तले सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका थिए। रौतहट जिल्लाको गौर राइस मिलमा कार्यक्रम गर्न तत्कालिन मधेशी जनअधिकार फोरमले प्रशासनबाट अनुमती लिएको थियो। तर माओवादी निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले सोही दिन सोही समयमा सोही स्थानमा कार्यक्रमको आयोजना गरिएको थियो। उक्त घटनामा तत्कालीन मधेशी राष्ट्रिय मुक्ति मोर्चाका महासचिव प्रभु साह र जनसरकार प्रमुख बिन्देश्वर यादवलाई पनि दोषी देखाइएको छ। उक्त घटनामा अदालतले परमादेश जारी गरेपछि विभिन्न खाले टिकाटिप्पणी पनि हुन थालेको छ। जसले जे गर्दा पनि अदालतको आदेश र फैसलालाई मान्नै पर्ने बाध्यकारी पनि छ। त्यसैले आपराधिक घटनाको छानबिन हुन आवश्यक छ। यस घटनामा कसैलाई बदनियत फसाइनु हुँदैन भने दोषीलाई उम्किनु दिन पनि हुँदैन। यसप्रति दोषी भनिएकाहरु पनि सचेत हुनु पर्छ।

# संस्मरणः यस्ता थिए प्रदीप गिरी



रामपल्टन साह

प्रदीप गिरी मेरो गुरु हुनुहुन्थ्यो। म उहाँलाई गुरु मान्दथे। उहाँले सिनामंगलस्थित देखि बस्तीपुरको आश्रम हुँदै भीमसेन गोलासम्म सुनाएका धेरै कुरा मेरो लागि शिक्षा थियो। प्रदीप गिरीका कैयौं गुण र विशेषता अविस्मरणीय र उत्प्रेरक छन्। उहाँको विलक्षण प्रतिभा, ज्ञान र वौद्धिकताको अद्भूत भण्डार, असाधारण स्मरण शक्ति र अध्ययनशीलता, प्रभावकारी प्रस्तुति र निष्पृह जीवनशैली- कसै कसैलाई भविष्यमा किम्बदन्ती लाग्न सक्छ। आफूले प्रतिबद्धता व्यक्त गरेको मूल्य मान्यता, सिद्धान्त एवं नैतिकताप्रति अटल निष्ठाको प्रतिक हुनुहुन्थ्यो प्रदीप दाजु ।


प्रदीप दाजुको जीवनको पहिलो रोजाइँ राजनीति थिएन। उहाँ प्राध्यापक, साहित्यकार वा दार्शनिक बन्न चाहनु हुन्थ्यो। राजनीतिमा उहाँ पारिवारिक विरासतको कारणले लाग्नु भएको थियो। उहाँका काका रुद्रप्रसाद गिरी नेपाली कांग्रेसको संस्थापक नेता मध्ये हुनुहुन्थ्यो भने पिता नेकाको जिल्ला सभापति सिरहाको बस्तीपुरस्थित उहाँको घर राजनीतिक गतिविधिको एउटा केन्द्र नै थियो। २०१७ सालको राजनीतिक परिबर्तनपछि पिता मित्रलाल गिरी नजिकैको सीमावर्ती भारतीय सहर दरभंगामा निर्वासित भएर बस्न थालेकाले प्रदीप त्यहाँ जाने आउने गर्नु हुन्थ्यो। त्यहीं सरोजप्रसाद कोइराला लगायत अन्य नेताहरु पनि बस्दथे। त्यहाँ पाएको शिक्षा र संगतले उहाँ राजनीतितर्फ आकर्षित हुनु भयो। पिता २०२५ सालको आममाफीपछि घर फ़र्किएपश्चात् उहाँ अध्ययनको निम्ति बनारस जानु भयो र राजनीतिक गंगामा झ्याम्म हामफाल्नु भयो। उहाँ छोटो समयमै युवा जमातको केन्द्रबिन्दु बन्नुभयो। राजनीतिमा उहाँले व्यक्तिभन्दा संस्था, नेताभन्दा दल र दलभन्दा सिद्धान्तलाई माथि राख्नु भयो। उहाँ वैयक्तिक स्वतन्त्रता र नागरिक अधिकारलाई अत्याधिक महत्व दिनु हुन्थ्यो। उहाँले बरण गर्नु भएका सिद्धान्तको मूलमा थियो– मनुष्य र मानवीय स्वतन्त्रता। उहाँ राजनीतिमा, अझ नेपाली काँग्रेसमा, लाग्नुको मुख्य कारण यो थियो।

उहाँको जीवन राजनीतिक वृत्तमा केन्द्रित रह्यो। पटकपटक सांसद र आफ्नो पार्टीको केन्द्रीय सदस्य बन्नुभयो। तर यो वाहेक उहाँले अरु कुनै पदमा जान चाहनु भएन। मौका नपाएको होइन, तर यस्तो कुनै पनि प्रस्तावलाई उहाँले हाँसेर उडाइ दिनुभयो। मानिस पदले होइन, सिद्धान्त, विचार र चरित्रले ठूलो मान्छेहुन्छ र यस्तो वातावरणमा पदले मानिसको कद झन् घटाउँछ भन्ने उहाँले राम्ररी बुझ्नु भएको थियो। त्यसैले उहाँ पदलाई अर्थहीन मात्र होइन, आफ्नो लक्ष्यमा अवरोध नै ठान्नुहुन्थ्यो। उहाँ आफ्नो प्रशंसा रुचाउनु हुन्न थियो। उहाँ नेपाली काँग्रेसको लोकप्रिय र सम्मानित नेता भएकोले जसले पनि 'नेता' भन्नु स्वाभाविक हो। राजनीतिमा लागेकाहरु प्रायः आफुलाई कसैले 'नेता' भनी सम्बोधन गरेमा मख्ख पर्दछन्, तर प्रदीप गिरी कसैले आफुलाई नेता भनेको रुचाउनु हुन्न थियो। भन्नहुन्थ्यो–"यो शब्दको यति अवमूल्यन भएको छ कि मलाई कसैले 'नेता' भन्यो भने गाली वा व्यँग्ये गरे जस्तो लाग्छ।" उहाँको व्यक्तित्व, बिचार र जीवनशैलीबाट प्रभावित मैले वहाँ संग बस्ने निर्णयलिए।

### समाजबादको दीपशिखा

प्रदीप दाजु समाजवादी चिन्तक हुनुहुन्थ्यो र समाजबादी मुल्यमान्यताको अनुशरण बाहेक देश र दुनियाको कल्याणका लागि अन्य कुनै बिकल्प छैन भन्ने उहाँको दृढ बिश्वास थियो प्रदीप गिरी बहुमुखी प्रतिभाशाली व्याख्यता हुनुहुन्थ्यो। राजनीतिशास्त्र, इतिहास र दर्शनका ठेलीहरु उहाँको मस्तिष्कमा सधैँ सल्बलाई रहेका हुन्थे। विरासत र वैयक्तिक स्वतन्त्रताको मोहले गर्दा राजनीतिमा पस्नु भएका उहाँ लोकतन्त्र र सामाजवादको दीपशिखा बन्नु भयो। उहाँले आफ्नो जीवनको अधिकांश समय नेपालमा लोकतन्त्रको स्थापना र कार्यान्वयनको अभियानमा लगाउनु भयो। निर्वासनमा बस्नु भयो, काराबास व्यहोर्नु भयो र पार्टी तथा समाजलाई जगाउने काममा समर्पित हुनुभयो। लोकतन्त्र र समाजवादलाई सार्थक तुल्याउन तथा त्यसको अर्थ र उद्देश्य, मर्म र महत्वलाई जनजनमा पुऱ्याउन सबैभन्दा बढी योगदान गर्ने व्यक्ति, विश्वेश्वर प्रसाद कोइराला पछि, उहाँ नै हुनुहुन्थ्यो। वी.पी.झैं उहाँ पनि 'समाजवाद' को पछाडि हाल प्रचलनमा रहेजस्तो 'लोकतान्त्रिक' शब्द जोड्ने आवश्यकता ठान्नु हुन्न थियो। उहाँ भन्नुहुन्थ्यो– लोकतन्त्र नभइ समाजवाद आउन सक्दैन र समाजवाद नभइ लोकतन्त्रले पूर्णता पाउन सक्दैन भन्ने इतिहासले प्रमाणीत गरिसकेको छ।

कार्लमार्क्स र लेनिनलाई प्रदीप दाजु सम्मान गर्नु हुन्थ्यो। मार्क्सले मानिसले भोगीरहेको शोषण र श्रमको महत्वप्रति दुनियाँको ध्यानाकर्षण गराएको तथा लेनिनले सामन्तवादविरुद्ध र समतावादी समाज निर्माण गर्ने बिगुल फुकेर परिवर्तनकामीहरुको मनोबल बढाएकोले समाजवादी आन्दोलनले उनीहरुलाई बिर्सन सक्दैन भन्ने उहाँको राय थियो। कोहीकोहीउहाँलाई कांग्रेसभित्रको मार्क्सबादी भनी टिप्पणी गर्दथे। तर उहाँ मार्क्सका कमजोरीहरु कोट्याउन छोड्नु हुन्न थियो, मार्क्सले वर्तमान विज्ञान प्रविधिको यस्तो विकास, वर्गसंगै वर्णको भूमिका र विद्यमान समाजका चुनौतिहरुका कल्पना गरेका थिएनन्, त्यसैले मार्क्सवाद अधुरो छ भन्ने पनि उहाँको टिप्पणी हुन्थ्यो। दाजु ले लेनिनबारे एउटा पुस्तक नै लेख्नु भएको छ, धेरै वर्ष अघि। लेनिनले समाजवादलाई लक्ष्य बनाएर क्रान्ति गरे तापनि सत्ता प्राप्ति पछि आफ्नो प्रतिवद्धता विपरित गएको र नागरिक स्वतन्त्रता नियन्त्रण गरेकोले रुसको क्रान्ति सही दिशाबाट भट्किएर कुख्यात अधिनायकवादमा परिणत भएको इतिहास उहाँ स्मरण गराईरहनु हुन्थ्यो। लेनिनको हतारो र महत्वकांक्षालेगर्दा अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनलाई ठूलो धक्का लागेको र रोजा लक्जेमवर्ग लगाएत नेताहरुले देखाएको गल्ती सच्याउदै लोकतान्त्रीक सिद्धान्त र नैतिक मान्यता अनुसार काम गरेको भए विश्वले धेरै अघि समाजवादको स्वाद पाइसक्ने थियो भन्ने उहाँको ठहर थियो। समाजवादी आन्दोलनमा रोजा लक्जेमवर्गको भूमिकासंग नेपाली समाजलाई परिचित गराउने श्रेय पनि प्रदिप दाजु लाई दिए हुन्छ। उहाँले रोजा र डा. लोहियाबारे चार दशक अघि नै पुस्तकहरु प्रकाशित गर्नु भएको थियो। दाजु भन्नुहुन्थ्यो– समाजवादको सन्दर्भमा मार्क्स, लेनिन र माओको नाम लिनै पर्दछ, तर महात्मा गान्धी, राम मनोहर लोहिया, रोजा र वी.पी. कोइरालालाई छोड्न मिल्दैन। यिनीहरुको बाटोमा हिड्न सकेको भए कम्तिमा नेपाल र भारत पूँजीवादको शरणमा जानै पर्ने थिएन। पूँजीवादले मानिस र समाजको शोषण मात्र गर्दछ, उद्धार गर्दैन। हाम्रो राज्य र समाजको यो अवस्था हुनुमा पूँजीवाद संगसंगै कम्युनिस्ट पनि दोषी छन्।



प्रदीप दाजुले समाजवादबारे अनगिन्ती लेख लेख्नु भयो, सारगर्भित व्याख्यान, प्रबचन र अन्तर्वार्ताहरु दिनु भयो। प्रवचनका लागि प्रेमपूर्वक निम्ता गरेका ठाउँहरुमा जान सकेसम्म प्रयास गर्नु भयो। आफ्नो मन्तब्य टुंग्याउनु अघि उहाँ श्रोताहरुलाई प्रायः एउटा सल्लाह दिन बिर्सनु हुन्नथ्यो। भन्नुहुन्थ्यो - पहिले लक्ष्यमा स्पस्ट हुनु पर्दछ, अनि समयको गति, चुनौती तथा समाजको आबश्यकता र परिवेश अनुसार सिद्धान्त, नीति तथा कार्यक्रमको पुनरावलोकन र पुनर्परिभाषा गर्दै योजना बनाउनु पर्दछ। जडसुत्री र लकीरको फकिर बनेर लक्ष्य हासिल हुदैन। मार्क्स, लेनिन, माओ मात्र हैन गान्धी र बीपी पनि अपूर्ण छन्। भूमण्डलीकरण र खुला बजारको नाराको पछाडि दौडेर हामी गन्तव्यमा पुग्न सक्दैनौं भन्ने उहाँ बारम्बार दोहोऱ्याउनु हुन्थ्यो। नेपालको विकासको सन्दर्भमा उहाँ वी.पी.कोइरालाले सोच्नु भएको मोडेललाई नै उपयुक्त ठान्नु हुन्थ्यो। उहाँ प्रष्ट शब्दमा भन्नु हुन्थ्यो–"संविधानमा समाजवाद उन्मुख नीतिलाई मार्गदर्शक बनाउने, तर व्यवहारमा भने पूँजीवादी मार्ग नै पछ्याउने–यो देश र जनतालाई धोका हो। तर, दुर्भाग्य, आज सबै पाटीर्हुको यही चरित्र बनेको छ।" प्रदीप दाजु समाजवादको व्याख्यता मात्र हुनुहुन्थेन, उहाँले समाजवादका आदर्श र मान्यताहरुलाई आफ्नो जीवनमा उतार्न पनि सक्दो कोशिश गर्नु भयो। आज देशका प्रमुख राजनीतिक दलहरु गलत दिशामा हिडिरहेको उहाँको ठहर थियो। समसामयिक अबस्थाबारे उहाँको विश्लेषण थियो– २०४७ सालपछि मुलुकलाई सही बाटोमा हिडाउने मौका काँग्रेसले पाएको हो, तर उ त्यसै अल्मलियो। कम्यूनिस्टहरुको डरले पूँजीवादी दिशामा गयो। एमालेले काँग्रेसको गल्ती सुधार्नु पर्दथ्यो, तर उसले पनि त्यही सजिलो बाटो अपनायो। जनता यी दुबै पार्टीबाट दिक्क भएको मौका छोपेर जनपक्षिय क्रान्तिकारी नारा दिदै माओवादी आयो। माओवादीले केही राम्रो गर्न सक्थ्यो। अनावश्यक हिंसा, आतंक र व्यक्ति हत्या गरेर आएको भए पनि जनताले मत दिएर उसलाई सत्तामा पुऱ्याए। गरीब, निमुखा, उत्पीडित वर्ग–वर्ण र जातिको पक्षमा यसले ठोस कदम चाल्नै पर्दथ्यो। तर उ झन छिटै बिग्रियो। प्रदिप दाजु विद्यमान लोकतन्त्र, जनताको सर्वोच्चता र मौलिक अधिकारलाई कायम राखी संविधानलाई अहिलेसम्मको अनुभवको आधारमा परिमार्जन गर्नु पर्दछ तथा आम नागरिकको जीवनमा सकारात्मक प्रभाव पार्ने नीति र कार्यक्रम ल्याएर दृढतासाथ लागु गर्नु पर्दछ भनी अन्तिम समयसम्म संसददेखि सडकसम्म चिच्याइरहनु भयो।

### न आश, न त्रास

प्रदीप दाजु प्रस्ट र प्रखर वक्ता हुनुहुन्थ्यो। उहाँ स्वार्थमुक्त नेता हुनुहुन्थ्यो। उहाँ गहन अध्ययन र विश्लेषणपश्चात आफ्नो धारणा बनाउनु हुन्थ्यो र एउटा निष्कर्षमा पुगेपछि त्यसमा अडिग रहनु हुन्थ्यो। व्यवहारमा उदार हुनुहुन्थ्यो,तर नीतिगत मामलामा बिपक्षीसंग मात्र हैन आफ्नै पार्टीका नेताहरुसंग पनि निर्भीकतासाथ कुरा राख्नु हुन्थ्यो। कैयौं कुरामा पार्टी र संसदकै निर्णयप्रति पनि उहाँले कठोर शब्दमा विमति जनाएको सबैले देखेका छन्। तर यस्ता विरोध र विमति सकारात्मक नतीजाको लागि हुन्थ्यो– विरोधकोलागि विरोध वा चर्चित हुनका लागि होइन। नेताहरुको संगठन सञ्चालन शैली, गुटवन्दी र पदमोह देखेर दिक्क मानेर उहाँ बराबर उपहास गरिरहनु हुन्थ्यो। एकपल्ट केन्द्रीय समितिमै उहाँले नेताहरु सामू "किसुनजीलाई आजीवन सभापति र गिरिजाबाबुलाई आजीवन प्रधानमन्त्री बनाउने घोषणा गरिदिउँ न" भनेर गर्नुभएको ब्यङ्ग्य निकै चर्चिर्त भएको थियो।। एक समय प्रधानमन्त्री बन्न सांसदहरुको खरिद विक्री र अपहरण चलिरहेको अवस्थामा कांग्रेसले आफ्ना सांसद्हरुलाई होटेलमा राख्ने निर्णय गरेकोमा प्रदिप दाजु ले ठाडै अस्वीकार गर्नुभयो। प्रधानमन्त्रीका प्रत्यासीले प्रदीप दाजु लाई मनाउन किसुनजीलाई अनुरोध गरे। किसुनजीले सामूहिक निर्णयको पालना गर्न स्नेहपूर्वक आग्रह गर्नुभयो। तर दाजुले आफ्नो अडान छोड्नु भएन। भन्नुभयो -यस्तो निर्लज्ज काम पनि कसैले गर्छ रु मलाई किन्न सक्ने शक्ति यो दुनियाँमा कोही छैन, तपाईं ढुक्क हुनुहोस्।

दाजुले कतिपय प्रसंगमा वी.पी. कोइरालासंग पनि हाकाहाकी मतान्तर जनाउनु भएको थियो। बनारसमा उहाँहरुबीच बेला बेलामा वादविवाद र शास्त्रास्त्र भइरहन्थ्यो, राजनीतिक र अराजनीतिक विषयमा पनि। वी.पी. ले २०३० सालमा गरेको सशस्त्र क्रान्तिको आह्वानलाई प्रदिप दाजु 'मूर्खतापूर्ण' ठान्नुहुन्थ्यो र उक्त संघर्ष कदापि सफल नहुने भविष्यवाणी गर्नु हुन्थ्यो। यो विचार उहाँले वी.पी. सामु पनि राख्नु भयो र आफु सहमत नभए पनि पार्टीको कार्यक्रमलाई पूर्ण सहयोग गर्ने वचन दिनु भयो। यो वचन पूरा गर्न उहाँ दिलोज्यानले लाग्नु भयो। दाजु अहिंसाको पक्षधर हुनुहुन्थ्यो। उहाँ महात्मा गान्धीप्रति असीम श्रद्धा गर्नु हुन्थ्यो। आफुलाई "गान्धीवादी समाजवादी" भन्नु हुन्थ्यो। तर वी.पी. प्रतिको सम्मानले गर्दा उहाँले बम र हतियार किन्न, भण्डारण गर्न र गुप्तरुपमा नेपाल पठाउन पनि सक्रिय रहनु भयो।

शक्तिशाली विस्फोटक पदार्थहरु उहाँकै डेरामा पनि राखिएको थियो। राजनीतिक छलफलमा कोइराला कम्युनिस्टहरुको कडा आलोचक हुनुहुन्थ्यो भने गिरी केही सकारात्मक। कोइरालाको तर्क हुन्थ्यो–उनीहरु अहिले पनि माओभन्दा अगाडि बढ्न सकेका छैनन्। मार्क्सका कुरा पनि राम्ररी बुझिरहेका छैनन्। लोकतान्त्रिक मूल्य मान्यता र पद्धतिप्रति प्रतिवद्धता नभएको कम्युनिस्ट पार्टी कुनै पनि बेला राजा वा विदेशीको हतियार बन्न सक्छ। यिनीलाई अस्थिरतावादी र अराजकतावादीले प्रयोग गर्न सक्छन्। हाम्रै बिरुद्ध लाग्न सक्छन्। त्यसैले उनीहरु राजनितिक रुपमा लोकतन्त्र र नागरिक अधिकारको मामलामा प्रस्ट नभएसम्म सहकार्य गर्नु घातक हुन सक्छ। कम्युनिस्टसंग कार्यगत एकता गर्दै जाने हो भने उनीहरु बिस्तारै ठीक ठाँउमा आईहाल्छन् नि भन्दै काँग्रेस र कम्युनिस्ट नजिक भएमा राजा डराउने र काँग्रेसको छवि प्रगतिशील बन्ने सम्भावना रहेको विचार व्यक्त गर्नुहुन्थ्यो। प्रदीप दाजु वी.पी. लाई बजारमा आएका नयाँ र उपयोगी पुस्तकहरु उपलब्ध गराईरहनु हुन्थ्यो। एकपल्ट सारनाथमा झोलाभरि पुस्तक लगेर वी.पी. लाई दिदै प्रदीप दाजु भनिरहनु भएको थियो - "कुनै कुनैमा मैले अण्डरलाइन पनि गरेको छु। त्यो जरुर पढ्नु होला। सबै पुस्तक महत्वपूर्ण छन्, पढे जस्तो मात्र नर्गनु होला। कुनैमा अंग्रेजीका नयाँ र क्लिष्ट शब्द पनि छन्, मन परेको कुरा र नबुझेको शब्द अण्डरलाइन गर्नु भए पनि हुन्छ।"

वी.पी. कोइराला, प्रदीप दाजुलाई आफ्नै परिवारको सदस्यझैं स्नेह गर्नु हुन्थ्यो। हौसला बढाउनु हुन्थ्यो। दाजु पनि मतान्तरका बाबजुद उहाँको प्रशंसक हुनुहुन्थ्यो। उहाँका हरेक निर्णय र सल्लाहलाई शिरोपर गर्नु हुन्थ्यो। पछिसम्म पनि राष्ट्रियता, समाजवाद, मार्क्सबाद, सामाजिक न्याय र व्यक्तिगत स्वतन्त्रताजस्ता विषयमा उहाँका अभिव्यक्तिमा वी.पी.को प्रतिबिम्ब देखिन्थ्यो। उहाँले लगभग ५० वर्ष अघि नै वी.पी. कोइरालाको संक्षिप्त जीवनी लेख्नु भएको थियो। दाजुले बनारसमै "लोकतन्त्रः राजतन्त्र" पुस्तक मार्फत वी.पी. को परिकल्पना र प्रग्रत्नलाई जनता माझ पुऱ्याउनु भएको थियो भने २०६६ सालमा 'विश्वेश्वर प्रसाद कोइरालाका राजनीतिक अभिलेखहरु संकलन र प्रकाशन गरेर अध्यताहरुलाई बहुमुल्य उपहार दिनु भयो। वी.पी.को विचार, व्यक्तित्व र विशेषताहरुलाई उजिल्याउन उहाँले निक्कै प्रयत्न गर्नु भयो। यस धरतीबाट विदा हुनुभन्दा केही अघि पनि उहाँ सार्वजनिक रुपमा भनिरहनु भएको थियो –"वी.पी. भन्दा ठुलो र आदरणीय मानिस नेपालले बुद्धपछि आजसम्म अर्को जन्माएको छैन। बुद्ध त राजाका छोरा थिए। जनतावीच यति श्रद्धा लायक मानिस नेपालमा अर्को कोही जन्मिएको छैन।"

प्रदीप दाजु कुनै पनि नेता, कुनै पनि विचारकको अन्धभक्त हुनुहुन्न थियो। उहाँ कसैलाई पनि पूर्ण सत्य मान्नु हुन्न थियो। हरेक व्यक्ति, वाद र विचारलाई केम्रा केम्रा पारेर परिक्षण र मुल्यांकन गर्नु हुन्थ्यो। कृष्णप्रसाद भट्टराईप्रति उहाँमा अगाध प्रेम थियो। भट्टराईको त्याग, तपस्या, इमान्दारी र देशभक्तिको उहाँ महिमा गाउनु हुन्थ्यो। प्रेम र श्रद्धाको कारण भट्टराईका कतिपय कमजोरी देखेर पनि उहाँले आँखा चिम्लिदिनु हुन्थ्यो। तर अन्तरंग छलफलमा "सन्त नेता" प्रति पनि व्यंग्य र टिप्पणी गर्न चुक्नु हुन्न थियो। गिरिजा प्रसाद कोइराला र प्रदिप दाजु बनारसमा फाटेको मन पछिसम्म पनि जोडिएन। दाजु कोइरालाको कठोर आलोचक हुनुहुन्थ्यो, तर कोइरालाको साहस र संगठन कौशलको प्रशंसा गर्नु हुन्थ्यो। सबै दलका समकालिन सबै नेताहरुसँग उहाँको घनिष्ट सम्बन्ध थियो। तर, उनीहरुले देश र जनताको हित र पार्टीको सिद्धान्तभन्दा सत्तालाई पहिलो प्राथमिकता दिए भनी उहाँ वारम्वार आक्रोश ब्यक्त गर्नु हुन्थ्यो। उहाँलाई युवाहरुमाथि ठुलो भरोसा थियो। त्यसैले उहाँ युवाहरुको जमात देख्नासाथ त्यसभित्र प्रवेश गरिहाल्नु हुन्थ्यो। व्यक्तिगत र सामुहिकरुपमा भेटेर पनि उनीहरुको रुचि अनुसार राजनीतिक–गैरराजनीतिक, कुनै पनि विषयमा सारगर्भित छलफल गर्नु हुन्थ्यो। उहाँ उनीहरुको भावना सुम्सुम्याउनु हुन्थ्यो र हौसला बढाउनु हुन्थ्यो। "युवाहरुले आफुले चाहे अनुसारको परिवर्तन गर्न सक्छन्, तर यसको लागि उनीहरुले डर र लोभ त्याग्नु पर्दछ, आनीबानी सुधार्नु पर्दछ," भन्ने उहाँको सल्लाह हुन्थ्यो।

समसामयिक राजनीतिको प्रसंगमा प्रदीप गिरीको टिप्पणी हुन्थ्यो -यो व्यबस्थालाई 'लोकतन्त्र' भनिएको छ। तर व्यवहारमा 'लोक' लाई छोडेर 'तन्त्र' चलाउने काम भइरहेको छ। लोकतन्त्र नभएर 'दलतन्त्र' छ र दलतन्त्र 'बृद्धतन्त्र' मा परिणत भएको छ। कुनै पनि पार्टीमा आन्तरिक लोकतन्त्र छैन। बृद्धतन्त्र अन्त्य नगरेसम्म आन्तरिक लोकतन्त्र आउने छैन

### सहज,सरल र स्वतन्त्र जीवनशैली


प्रदीप दाजुलाई मैले सर्वप्रथम २०४६सालको जन आन्दोलनको संख नाद को घोषणा सभा कार्यक्रममा विर गणेशमान सिंहजीको धर चाकसीवारी, काठमाडौं मा भेटेको हो। कार्यक्रम समापन पछि जनकपुरका हाम्रा तत्कालिन सर्वाधिक सक्रिय युव नेता बिमलेन्दे निधी,बृखेशचन्दे लाल युवराज दाई,किशोरी दाजु हरू ले 'तिमी प्रदीप गिरीजि लाई पनिभेट्नु' भनेर भन्नु भयो। म महेश गिरी दाजु साथमा प्रदीप दाजु संग भेट्न गए शायद अन्त कतै जानु भएको थियो, भेट भएन। बहुदलीय प्राप्तिपछि वहाँ संग निकटता बढ्यो। पहिलो भेटमै उहाँले आकर्षित गर्नुभयो। त्यसबेला म २१-२२ बर्ष को थियो

२०५१साल देखि वहाँ को स्वकीय दिपकहमाल र दिपेन्द्र हमाल संग मित्रतागर्दै अन-जान शुरूवातभयो। नेपाली काँग्रेसको नबौं महाधिवेशनमा निर्वाचित महाधिवेशन प्रतिनिधिभई काँग्रेस को महा कुम्भमा भागलिन क्रममा दाजु संग भेटभयो वहाँ मेरो पिठ थप थपाउदै चावस भनेर आशिर्वाद दियो। म धेरै खुशीभई गौरवान्वित भए र अपनत्वपन बढदैगयो। वहाँ संग काठमाडौं, बस्तीपुर, भारत जान आउन सिलसिला शुरूवात भयो।

प्रदिप दाजु विषयमा धाराप्रवाह देश-दुँनियाका गफ गर्नु हुन्थ्यो। बिहान पख सुतेर उहाँ १२-१ बजे उठ्नु हुन्थ्यो। कहिले बजार घुमाउन लैजानु हुन्थ्यो, सिनेमा वा नाटक देखाउनु हुन्थ्यो, कुनै पुस्तक पसलमा घण्टौं विताउनु हुन्थ्यो,पुस्तक छानेर।

कतिपय पसलेले उहाँलाई रुचिकर लाग्ने प्रकारका नयाँ पुस्तक पहिले नै छुट्याएर राखिदिएका हुन्थे।

# सूचना प्रविधि, सुशासन र विकास



केपी शर्मा ओली

आज सूचना र सञ्चार प्रविधि, आइसिटी अथवा आइटी सुशासनका लागि मात्र होइन, विकास र मानिसको दिनचर्याका लागि अपरिहार्य भइसकेको छ। हामी आइटीविना चल्नै नसक्ने अवस्थामा पुगिसकेका छौँ। पहिलो कुरा, आइटीको प्रयोग केका लागि भन्दा देशलाई सुव्यवस्थित बनाउन, समाजलाई सुव्यवस्थित बनाउन, मानव समाजलाई अझ सभ्य, अझ परिष्कृत, अझ उन्नत बनाउन र देशमा सुशासन अझ सुदृढ गर्न, आइटीको प्रयोगलाई सुशासनको सहयोगीको रूपमा, समाजको सुप्रबन्धका लागि सहयोगीको रूपमा, करप्सन कन्ट्रोलका लागि सहयोगीको रूपमा र जनतालाई सेवा सुविधा पुऱ्याउने कुरामा सहयोगीको रूपमा आइटीलाई प्रयोग गर्न चाहन्छौँ।

आइटी एउटा सोख मात्रै होइन, अनिवार्य आवश्यकता बनेको छ। आइटीले हाम्रो विकासलाई तीव्रता दिनुपर्दछ। टेक्नोलोजी भनेकै त्यै हो, जसले विकासलाई व्यापकता र तीव्रता दिन्छ। नवीनता त्यसको लागि आवश्यकता छ र नवीनता दिन्छ। यसले समाजमा पारस्परिक रूपमा मानवीय भावना, पारस्परिक प्रेम, सद्भाव, सहिष्णुताको विकासका निम्ति सहयोग गर्नुपर्दछ। हामीले सूचना प्रविधिलाई त्यसै हिसाबले प्रयोग गर्नुपर्दछ। यही कुरालाई ध्यानमा राखेर हामीले आइटीलाई डिजिटल नेपालको नाराका साथ अगाडि बढाएका छौँ। सिङ्गै देशलाई डिजिटलाइज्ड गर्ने र त्यसको अधिकतम सदुपयोग गर्ने। त्यसैअनुसार नै म अघिल्लोपल्ट प्रधानमन्त्री हुँदैदेखि डिजिटल नेपाल फ्रेमवर्क बनाएका थियौँ।

अहिलेसम्मका अनुभव र प्रगतिहरूलाई हेरेर हामीले 'फ्रेमवर्क टु जिरो' अर्को चरणमा प्रवेश गरेका छौँ र त्यस फ्रेमवर्कलाई अगाडि बढाउँदैछौँ। म यस प्रविधिको प्रयोगलाई शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा र अरु विभिन्न क्षेत्रहरूमा पनि यसको सदुपयोग गरेर समाजलाई लाभान्वित गराउने पक्षमा म आफैँ पनि क्रियाशील रहेको छु। सरकार क्रियाशील रहेको छ र हामी हरेकले यस सन्दर्भमा प्रयास गर्नुपर्दछ। हामीले एउटा मात्रै सानो उदाहरण दियौँ भने गत वर्ष नेपालको एसइईको परीक्षाको नतिजामा पास हुनेको सङ्ख्या ४८ प्रतिशतभन्दा कम थियो र गत वर्षबाट हामीले सुरुदेखि नै यस प्रतिशतलाई वा ४८ भन्दा कम रहेको प्रतिशतलाई ७० प्रतिशत पुऱ्याउने भनेका थियौँ। पछि हामीले केही संशोधन गर्नुपऱ्यो र हामीले ६० देखि ६५ प्रतिशतसम्म पुऱ्याउँछौ भनेर हाम्रा केही युवा साथीहरूले अनलाइन कक्षाको सुरुवात गर्नुभयो। त्यसका निम्ति एउटा अभियान चलाउनुभयो।

देशव्यापी रूपमा विभिन्न ठाउँका विद्यालय विद्यालयमा गएर त्यहाँका प्रिन्सिपलहरूलाई, त्यहाँका शिक्षकहरूलाई, त्यहाँका विद्यार्थीहरूलाई, त्यहाँका अभिभावकहरूलाई प्रेरित गर्नु हो। देशभरि दुई सयभन्दा बढी मेन्टर र धेरै दर्जन शिक्षकहरू राखेर एकैठाउँ काठमाडौँबाट कक्षाहरू सञ्चालन गर्नुभयो र पछि हामीले ६० देखि ६५ प्रतिशतको बिचमा नतिजा निकाल्छौँ भन्यौँ। यो नितान्त निजी प्रयास हो हाम्रा युवाहरूको। त्यसमा सरकारी सहयोग भनेको सञ्चार मन्त्रालयले हामीलाई त्यो उपलब्ध गरायो। हामी युवाहरूलाई जहाँ सेवा पुऱ्याउँछौँ भनेको छ, त्यहाँ इन्टरनेट सर्भिस उपलब्ध गराइदियो। त्यस हिसाबले प्रयास गर्दाखेरि ६१.८१ प्रतिशत अथवा ६२ प्रतिशत उत्तीर्ण भए। ४८ बाट ६२ प्रतिशत अथवा १४ प्रतिशतका दरले एसइईको नतिजामा उन्नति भयो। यो हामीले देखेका छौँ, सानो खर्चबाट देशभरिको लाखौँ विद्यार्थीहरूको सङ्ख्यामा १४ प्रतिशतले उत्तीर्ण हुनेको सङ्ख्या अभिवृद्धि भयो, बढ्यो। तसर्थ, यसै गरेर हामीले अनलाइन स्वास्थ्य, अनलाइन स्वास्थ्य परीक्षण, अनलाइन उपचारजस्ता कुराहरू पनि विभिन्न हस्पिटलहरूबाट मद्दत गरेका छौँ र साना अस्पतालहरूले ठूला हस्पिटलहरूबाट विशेषज्ञ सेवाहरू लिन सकिरहेका छन्। त्यो हामी आफैँले प्रत्यक्ष यी केही वर्षहरूमा मात्रै अनुभव गरेका छौँ।

मैले प्रधानमन्त्री चलाएको यो पछिल्लो एक वर्षको अवधिमा असाधारण ढङ्गले हामीले यस क्षेत्रमा पनि प्रगति गरेका छौँ। हामीसँग एउटा राम्रो पक्ष के छ भने हामीसँग एउटा यो 'डेमोग्राफिक डिभिडेन्ड' हाम्रो राम्रो छ। त्यसलाई हामीले यस क्षेत्रमा प्रयोग गर्न सक्छौँ किनभने हाम्रा युवाहरू आज आम रूपमा भन्ने हो भने डिजिटल फ्रेन्डली छन् अथवा डिजिटल क्षेत्रमा, आइटी सेक्टरमा भन्ने हो भने उनीहरू शिक्षित कमसेकम छन्। उनीहरूले विभिन्न ढङ्गले त्यसबाट नेलेज लिन र नेलेज सम्प्रेषण गर्न सक्छन्। त्यसकारण नवप्रवर्द्धनका कुराहरू, 'इनोभेसन'का कुराहरू अथवा अरु अनुसन्धानका कुराहरूदेखि लिएर आइटीको प्रयोगले हामीलाई धेरै ठूलो मद्दत पुगिराखेको छ र हामी समाज परिवर्तनका लागि यी सबै कुरा, मान्छेको विकासका लागि सबै कुरा, अर्थतन्त्रको विकासका लागि, शिक्षा, स्वास्थ्य र सबै समाजिक क्षेत्रको विकासका लागि र समाजमा जनतालाई सेवा सुविधा पुऱ्याउनका लागि यी कुराहरूमा काम गरिराखेका छौँ।

अहिले हामीले यो पर्सनल आइटीजस्ता कुराहरू यिनीहरूबाट जनतालाई सेवा पुऱ्याउने कुराहरू गरिराखेका छौँ र अनेक पक्षहरूमा यसको मद्दत पुगिराखेको छ। यो सँगसँगै, यसमा केही कमजोरी पक्षहरू, विकृतिका पक्षहरू र विज्ञान प्रविधिको प्रयोग ठीक ढङ्गले गर्न जानेनन् भने, मेसिन चलाउँदा ठीक ढङ्गले चलाइएन भने त हात काटिदिन्छ। त्यो त मेसिन भनेको ठीक ढङ्गले चलाउने कि नचलाउने भन्ने कुरासँग निर्भर हुने कुरा हो।

अहिलेको दुनियाँमा यस सूचना प्रविधिको राम्ररी सदुपयोग मात्रै भएको छ भन्न सकिँदैन। खासगरी सूचनाको क्षेत्रमा, 'मिस इन्फर्मेशन', 'डिस इन्फर्मेशन' जस्ता कुराहरू पनि यसबाट केही केही क्षतिका कुराहरू पनि भइराखेका छन्। समाजलाई अलि विकृति बढाउने खालका कुराहरू पनि भइराखेका छन् र यस्ता कुराहरूप्रति हामी सजग छौँ। सबै कुरा हुन पाउनुपर्दछ। वास्तवमा यो प्रेस स्वतन्त्र, सूचनाको स्वतन्त्रता सबै कुरा हुनुपर्दछ तर अनियन्त्रित र समाजलाई हानी गर्ने गरी होइन, समाजलाई फाइदा पुग्ने गरी यी कुराहरू हुनुपर्दछ। समाजका लागि आइटी, विकासका लागि आइटी, राष्ट्रिय एकताका लागि आइटी, विश्व शान्तिको पक्षमा आइटी, सूचना मनोरञ्जनका लागि आइटी, शिक्षाका लागि आइटी, स्वास्थ्यको लागि आइटी। यसो भएर हामीले आइटीलाई सदुपयोग गर्न सक्नुपर्दछ राम्ररी।

हाम्रो राष्ट्रिय आकाङ्क्षा हामीले भनेका छौँ-समृद्ध नेपाल, सुखी नेपाली। त्यो हाम्रो राष्ट्रिय आकाङ्क्षा हो। त्यो आकाङ्क्षा परिपूर्ति गर्नका लागि, त्यसलाई प्राप्त गर्न, त्यसलाई गन्तव्य बनाएर हामी हिँडिरहेका छौँ र त्यसको प्राप्तिका लागि सुशासन र विकास, तीव्रता, सुदृढता र तीव्रताका साथ अगाडि बढाउन जरुरी छ। त्यसमा आइटीको भरपूर मद्दत लिन जरुरी छ। यो अत्यन्तै उपयोगी छ। तसर्थ, हामी यसको सदुपयोग गर्दै देशका लागि, जनताका लागि, समाजका लागि र मानव जातिका लागि यसको सदुपयोग गर्ने, सुशासन र विकासका लागि सदुपयोग गर्ने काम गर्दै अगाडि बढ्ने यस दिशामा हामी लागि राखेका छौँ।

यस सन्दर्भमा तपाईंहरुले आयोजना गर्नुभएको विश्व आइटी सम्मेलन २०२५, ले अवश्य नै ठूलो योगदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु। यही विश्वासका साथ म तपाईंहरूलाई धेरैधेरै शुभकामना भन्न चाहन्छु। तपाईंहरू यस दिशामा अझ तीव्रताका साथ अगाडि बढ्न सक्नु होस्, अझ ठूलो योगदान गर्न सक्नु होस् र यसका निम्ति हामीले कानुन बनाएका छौँ। भर्खरै हामीले एआई नीति तय गरेका छौँ। यी सबै कुराहरूको उपयोग गर्नुस्। हामीले भर्खरै कानुनी हिसाबले नै यहाँको आइटी उत्पादनलाई निर्यात गर्न सहजै सक्ने कुरा, यही बसेर लाभ गर्न सक्ने कुरा र बाहिर त्यसका निम्ति कम्पनी खोल्न सक्ने कुरा, विदेशमा कम्पनी खोल्न सक्ने कुरा आदि कुराहरूमा पनि कानुन निर्माण गरेरै अगाडि बढाएका छौँ। तसर्थ म यहाँहरु सबैमा यस कामलाई सदुपयोग गर्ने दिशामा सोचेर अगाडि बढ्न आग्रह गर्न चाहन्छु। (प्रस्तुत विचार सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले १ भदौ, २०८२ मा राष्ट्रिय युवा सङ्घ नेपालद्वारा आयोजित विश्व आइटी सम्मेलनमा व्यक्त गर्नुभएको मन्तव्यका आधारमा प्रधानमन्त्रीको स्वकीय सचिवालयले तयार पारेको सम्पादित अंश)रासस

# अपाङ्गता अधिकारलाई व्यवहारिक रूपमै कार्यान्वयन गर्न पहल गर्छु : मन्त्री सुडी

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले राज्यको नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिताको लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गनुभएको छ ।

बहिरा-दृष्टिविहीन अभिभावक समाजले उहाँ आयोजना गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्वन्धी छलफल कार्यक्रममा उहाँले नीति निर्माणमा सहभागिताको अधिकारलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न ‘ स्थान दिइने पनि भनिएको छ । अपाङ्गता भएका व्यक्तिहरूले पनि अपाङ्गता भएका व्यक्तिसम्बन्धी ऐनको व्यवहारिक रूपमा कार्यान्वयन हुनुपर्ने माग गर्दै आएका छन् । सरकारले २०७४ सालमा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको बातावरण



अपाङ्गता भएका व्यक्तिको अधिकारसम्वन्धी ऐन, २०७४’ को व्यहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्ने बताउनुभयो ।

ऐनमा ‘अपाङ्गता भएका व्यक्तिलाई असर पार्ने प्रकृतिका महत्त्वपूर्ण नीति निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्ति स्वयं वा निजसँग सम्बन्धित सङ्घ, संस्थामार्फत सहभागी हुने अधिकार हुनेछ’ भनिएको छ । अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिसरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकारलाई पनि कार्यान्वयन गर्ने मन्त्री सुडीको भनाइ छ । सो ऐनमा ‘नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्नसक्ने गरी उपयुक्त व्यवस्था मिलाउनेछ’ पनि भनिएको छ ।

त्यसैगरी कानुनमा नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरेको विचारलाई सान्दर्भिकताको आधारमा उचित सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएको जनाउँदै अपाङ्गता भएका व्यक्तिसम्बन्धी ऐन ल्याएको थियो ।

समाजका अध्यक्ष ल्याक्पा नुरु शेर्पाले ऐनमा अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सड़क, यातायात, विद्युतीय सञ्चार सेवालगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधामा सहज पहुँचको अधिकार हुने व्यवस्था भए पनि व्यवहारिक रूपमा कार्यान्वयन हुन नसकेको भन्दै गुनासो गर्नुभयो ।

सन् २००५ मा स्थापना भएको समाजले स्थापनाकालदेखि नै यस समाजले श्रवणदृष्टिविहीन भएका व्यक्तिहरूलाई खोजी सङ्कलन गर्ने, पहिचान गर्ने र तिनीहरूलाई आवश्यक दैनिक जीवनयापनसम्बन्धी तालिम दिने कार्य एवं श्रवणदृष्टिविहीन व्यक्तिहरूको हक र अधिकारका लागि सरकारी तथा गैरसरकारीसँग सहकार्य एवं पैरवी गर्दै आएको छ ।रासस

# स्थानीयवासीको माग यथासम्भव सम्बोधन गर्ने काम हुँदैछ: उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले काठमाडौँ उपत्यकाको फोहरमैला व्यवस्थापन भइरहेको बञ्चरेडाँडामा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भई पूरक वातावरणीय प्रतिवेदन तयार गर्ने कार्य अघि बढेको जानकारी दिनुभएको छ ।



राष्ट्रियसभाको मंगलबारको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उहाँले सिसडोल र बञ्चरेडाँडा स्यानिटरी ल्यान्डफिल साइटको पहुँचमार्गका विभिन्न विकल्पबारे अध्ययन भइरहेको जानकारी दिनुभयो ।

उपप्रधानमन्त्री सिंहका अनुसार ल्याण्डफिल साइटको करिब ४० मिटर उचाइको बाँधमध्ये हाल २५ मिटर बाँधसहितको सम्पूर्ण भौतिक पूर्वाधार निर्माण सम्पन्न भएको छ । यसको सञ्चालनका लागि काठमाडौँ महानगरपालिकालाई उपलब्ध गराइएको र बाँधको उचाइ बढाउने कार्यको खरिद प्रक्रिया अगाडि बढेको उहाँले जानकारी दिनुभयो ।

सिसडोल क्षेत्रमा फोहरबाट उत्पन्न ‘लिचेट’ व्यवस्थापन र स्थानीयवासीका विभिन्न माग यथासम्भव सम्बोधन गर्नेलगायत काम भइरहेको बताउनुभयो । उहाँका अनुसार फोहरमैला व्यवस्थित ढङ्गले बिसर्जन, फोहरबाट उत्पन्न ‘ब्याक्टेरिया’को नियन्त्रण, फोहरको वर्गीकरण गरी विद्युत् उत्पादन, कम्पोष्ट मल कारखाना स्थापना र कच्चा पदार्थ प्रशोधन केन्द्र स्थापना गर्ने विषयमा मन्त्रालयले काठमाडौँ महानगर र अन्य निकायसँग सहकार्य तथा समन्वय गरिरहेको छ ।

उपप्रधानमन्त्री सिंहले मन्त्रालयले फोहरमैला व्यवस्थापन ऐन, २०६८ संशोधन मस्यौदा परिमार्जन गर्ने कार्य गरिरहेकोसमेत जानकारी दिनुभयो ।

यसैगरी उहाँले जनता आवास कार्यक्रम हाल प्रदेश सरकारमा हस्तान्तरण भई कार्यान्वयनमा रहेको जानकारी गराउनुभयो । “भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउने र असहाय तथा सीमान्तकृत समुदायलाई व्यवस्थित बस्तीमा स्तरोन्नति गर्ने भनेर पूर्ववर्ती सरकारले गरेको निर्णयबाट हालको सरकार पछि हटेको छैन”, उपप्रधानमन्त्री सिंहले भन्नुभयो ।रासस

# गृह मन्त्रालयद्वारा विधेयक रायका लागि सार्वजनिक

काठमाण्डु । गृह मन्त्रालयले सङ्घसंस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक सम्बन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि ढाँचासहित सार्वजनिक गरेको छ ।




नेपालको सामाजिक सेवा तथा विकासको क्षेत्रमा क्रियाशील संस्थाको भूमिकालाई सामाजिक विकासको प्रक्रियामा मूलप्रवाहीकरण गरी संस्थागत सङ्गठन, विकास र कार्य सञ्चालनको मामिलामा सुशासनको स्थिति कायम राख्नका लागि तथा संस्थालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र जिम्मेवार बनाउन संस्थाहरूको व्यवस्थापन समेत गर्न सङ्घसंस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न नयाँ ऐन निर्माण गर्न आवश्यक देखिएकाले विधेयक अघि बढाइएको गृह मन्त्रालयले जनाएको छ ।

गृहमन्त्री रमेश लेखकले मन्त्रालयको नेतृत्व सम्हालेपछि मन्त्रालयको कानुनी र नीतिगत सुधारलाई प्राथमिकतामा राखेर विभिन्न विधेयक अघि बढाउँदै आउनुभएको छ । सोही क्रममा आज विधेयकका ढाँचासहित राय सुझावका लागि १५ दिनको समयावधि राखेर सो विधेयक सार्वजनिक गरिएको गृह मन्त्रालयले जनाएको छ ।

संविधानको धारा १७ को उपधारा (२) को खण्ड (घ) मा सङ्घसंस्था खोल्ने स्वतन्त्रता रहेको छ । धारा ५० को उपधारा (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने व्यवस्था तथा धारा ५६ मा राज्यको संरचनामा सङ्घीय लोकतान्त्रिक नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको गृह मन्त्रालय कानुन महाशाखाका प्रमुख सहसचिव भरतमणि रिजालले बताउनुभयो ।

महाशाखा प्रमुख रिजालका अनुसार विधेयकमा संस्थाहरूको पारदर्शिता, नियमन, अनुगमन र लेखापरीक्षण व्यवस्थापन, संस्थामा रहने पदाधिकारी व्यवस्थापन र स्रोत परिचालनको पारदर्शितासहितका विषय समेटिएका छन् ।

मन्त्रालयले ७७ वटै जिल्ला, सात वटै प्रदेश, संवैधानिक निकाय, राष्ट्रिय योजना आयोग, नगरपालिका र गाउँपालिका महासङ्घलगायतलाई निकायमा ढाँचा राय/परामर्शका लागि पठाएको जनाएको छ । “राय/परामर्शसहित पछि सहमतिका लागि अर्थ मन्त्रालय पठाउँछौँ”, उहाँले भन्नुभयो, “आगामी फागुनसम्म सङ्घीय संसद्मा पेस गर्ने समयावधि रहेको छ ।”

प्रस्तुत विधेयकको मस्यौदाउपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभावका सम्बन्धमा सम्बन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हो ।

दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने कार्यमा विधेयकको कार्यान्वयनपश्चात् थप प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

साथै सङ्घसंस्थाहरू स्थानीय तहका स्थानीय तहकमा जिल्लागत जिल्ला तह, हुँदै प्रदेशस्तरका प्रदेश तह र देशभर क्षेत्र हुनेगरी सङ्घीय पञ्जीकरण अधिकारीमो दर्ता गर्न सकिनुका साथै पञ्जीकरण अधिकारीले नै नियमन गर्ने गरी व्यवस्था गरिएको छ । यसबाट दर्ता सहजीकरण, प्रभावकारी हुनु गई कार्यसञ्चालन थप व्यवस्थित हुने र एकीकृत अभिलेख राख्ने गरी व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

“हाल विद्यमान संस्था दर्ता ऐन, २०३४ मा मूलतः संस्था दर्तालाई मात्र प्राथमिकतामा राखिएको तथा राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिमका प्रबन्धहरू समेत एकीकृत ऐनबाट कार्यान्वयन हुन जानेछन्,” रिजालले भन्नुभयो, “संस्थाको व्यवस्थापन, अनुगमन, नियमन र कानुनविपरीतका क्रियाकलाप गरेको अवस्थामा सजायको प्रावधान समेतमा समसामयिक परिमार्जन गर्न खोजिएको छ ।” उहाँका अनुसार कानुन निर्माण भएसँगै समाज कल्याणको क्षेत्र थप प्रभावकारी हुनुका साथै एकरूपता कायम हुनेछ ।

सङ्घसंस्था दर्ता, नियमन र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट हुने हुँदा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि हुन गई यसबाट सामाजिक र विकासका क्रियाकलापमा सङ्घसंस्थाको भूमिका व्यवस्थित, पारदर्शी, उत्तरदायी र प्रभावकारी हुन गई सुशासन प्रवर्द्धन गर्नमा मद्दत पुग्ने उहाँको भनाइ छ ।

“विधेयकमा विशेषगरी मुलुक सङ्घीय शासन प्रणालीमा प्रवेश गरेपश्चात् सङ्घसंस्था दर्ता, नियमन र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका निर्क्योल गरी सङ्घसंस्थाको व्यवस्थापनमा थप प्रभावकारिता अभिवृद्धि गर्नु रहेको छ”, रिजालले भन्नुभयो, “सङ्घसंस्थाको दर्ता, नियमन तथा व्यवस्थापन गर्नेसम्बन्धी प्रचलित कानुनहरू राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण परिषद् ऐन, २०४९ का व्यवस्थालाई समेटी तथा समसामयिक थप व्यवस्थाहरूलाई समेत राखेर प्रस्तुत विधेयक तयार गरिएको मन्त्रालयले छ ।”रासस



## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.मलंगवा शाखा,सर्लाहीको ३५ दिने सूचना

सुचना प्रकाशित मिति २०८२/०५/०४

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

तपसिल

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं./दर्ता गर्ने निकाय/मिति | स्थायी लेखा नं. | स्था. लेखा नं.जारी मिति/जिल्ला | उद्देश्य | साँवा रकम रु. | मिति २०८२।०४ मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुभम इन्टरप्राईजेज | गमहरिया-५,सर्लाही | २३८२/०६९/७०, घरेलु तथा साना उद्योग कार्यालय, २०६९/१०/०८ | ६०१२०६१२४ | २०७२/०२/०१ | चालु पूँजी कर्जा | १,९९३,९११।०० | १,७४२,१०४।०० | ३,७३६,०१५।०० | |
| | प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण: | | | | | | | | | |
| | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | | | बाबु | | बाजे | |
| | जयनाथ राय यादब | गमहरिया-५, सर्लाही | ६६१५२९०० | सर्लाही र २०६१/०८/१७ | | | भोरिल राय यादव | | जानकि राय यादब | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं./दर्ता गर्ने निकाय/मिति | स्थायी लेखा नं. | स्था. लेखा नं.जारी मिति/जिल्ला | उद्देश्य | साँवा रकम रु. | मिति २०८२।०४ मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
| २ | साह राइस मिल | सुन्दरपुर-३,सर्लाही | ५६१८/२०७२/०७३, घरेलु तथा साना उद्योग कार्यालय, २०७२/१२/१४ | ६०२६३७८४८ | २०७३/०१/०६ | चालु पूँजी कर्जा | १,०००,०००।०० | ७६८,६८९।०० | १,७६८,६८९।०० | |
| | प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण: | | | | | | | | | |
| | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | | | बाबु | | बाजे | |
| | योग नारायण साह तेली | सुन्दरपुर-३,सर्लाही | ९१११०३९३ | सर्लाही र २०३४/०३/०३ | | | सुखदेब साह तेलि | | बिलास साह | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं./दर्ता गर्ने निकाय/मिति | स्थायी लेखा नं. | स्था. लेखा नं.जारी मिति/जिल्ला | उद्देश्य | साँवा रकम रु. | मिति २०८२।०४ मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
| ३ | पुष्पा एण्ड नसिलि बस्त्रालय | मलंगवा, सर्लाही | ३२९१/०७१/०७२ , घरेलु तथा साना उद्योग कार्यालय, २०७१/०५/२४ | ६०२३८९६३१ | २०७१/०५/२० | चालु पूँजी कर्जा र आवाधिक कर्जा | २,९९९,०९६।०० | २,७५२,८८८।०० | ५,७५१,९८४।०० | |
| | प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण: | | | | | | | | | |
| | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | | | बाबु | | बाजे | |
| | अरविन्द कुमार यादब | मलंगवा-१०,,सर्लाही | २९१७०१२४ | सर्लाही र २०६३/०७/२९ | | | राम बिलास राय | | सुकदेब राय | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं./दर्ता गर्ने निकाय/मिति | स्थायी लेखा नं. | स्था. लेखा नं.जारी मिति/जिल्ला | उद्देश्य | साँवा रकम रु. | मिति २०८२।०४ मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
| ४ | गोबिन्द किराना पसल | मलंगवा-१०,,सर्लाही | १९११/०६८/०६९, घरेलु तथा साना उद्योग कार्यालय, २०६९/०२/१९ | ६००४६५४०५ | २०६९/०२/१९ | ब्यापार कर्जा, | ९९९,०५०।०० | १,०८४,४९३।०० | २,०८३,५४३।०० | |
| | प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण: | | | | | | | | | |
| | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | | | बाबु | | बाजे | |
| | मनोज कुमार महतो | मलंगवा-१०,,सर्लाही | १९१०३१/४५५ | सर्लाही र २०६५/०८/३० | | | जय नारायण महतो | | बुधु महतो | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं, जारी जिल्ला र मिति | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८२।०४ मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
| ५ | जय नारायण राय यादब | खर्वा ९,सर्लाही | ४६५७३४५९, सर्लाही र २०४८-०५-०६ | सोनेलाल राय यादब | खेलावन राय यादब | सरल कृषि कर्जा | २,०००,०००।०० | ५२५,९७४।०० | २,५२५,९७४।०० | |
| ६ | मोहमद मोख्तार अंसारी मलंगवा-१०, सर्लाही २९१७३००५ | मलंगवा-१०, सर्लाही | २९१७३००५, सर्लाही र २०५३-०९-२४ | अधुन मिया | मिया जान मिया | ओ.डि | ९९५,०९८।०० | ९९६,४४२।०० | १,९९१,५४०।०० | |
| ७ | रंजु कुमारी | सुन्दरपुर-०३, सर्लाही | ०८१५१५०८ सर्लाही र २०५७/०८/०४ | सिताराम साह कानू | योग नारायण साह तेली | चालु पूँजी कर्जा | ७३५,२४३।१४ | ११७,८४५।०० | ८५३,०८८।१४ | |
| ८ | राज कुमार साह | गम्हरिया-१ | ६६१५२७६३ सर्लाही र २०५९/०८/२२ | राम सोहरा राय | मुखा साह कानू | ओ .डि कर्जा | ५००,०००।०० | ९१५,८९४।०० | १,४१५,८९४।०० | |
| ९ | प्रमिला यादब | कविलासि ०८,सर्लाही | २५६८ सर्लाही र २०४६/०३/२८ | सुरज राय यादब | दयान्द राय यादब | सरल कृषि कजा | ७००,०००।०० | ३९६,०१३।०० | १,०९६,०१३।०० | |
| १० | बिजय कुमार यादब | मलंगवा-१० | ७१४३५५५३ सर्लाही र २०४६/०४/२६ | ब्रहमदेब सिंह | प्रभु राय | ओ.डि | ६७०,०००।०० | ३९३,५३९।०० | १,०६३,५३९।०० | |
| ११ | निलम देबि यादब | मलंगवा-१०,सर्लाही | १९१०३१/५९३ सर्लाही र २०६६/०१/२७ | रविन्द्र राय | सुरज राय | ओ.डि | ९९७,२२०।०० | १,८१७,०१२।०० | २,८१४,२३२।०० | |
| १२ | संजय कुमार यादब | बत्रैल-८ | १०३६१००३ सर्लाही र २०६३/०३/३० | महादेब साह | हृदय राय यादब | चालु पूँजी कर्जा | ७५०,०००।०० | ६९२,५७१।०० | १,४४२,५७१।०० | |
| १३ | नथुनी साह | सिसौटिया-०६,सर्लाही | ८९१४३९०८ सर्लाही र २०५४/०५/०८ | | सुफल साह | ट्रेड फाइनान्स कर्जा र चालु पूँजी कर्जा, | २,३४९,९५५।०० | ३,६१५,८४१।०० | ५,९६५,७९६।०० | |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, विरगंज

# जेलेन्स्कीद्वारा अमेरिकी प्रथम महिलालाई धन्यवाद

एएनआई

किएभ । युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले मङ्गलबार अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई 'शान्ति पत्र' लेख्दै 'युक्रेनी बालबालिकाको अपहरण' को मुद्दा उठाएकोमा धन्यवाद दिनुभएको छ । आफ्नो कृतज्ञता व्यक्त गर्दै उहाँले युद्धमा सबै कैदीहरूको आदानप्रदानका लागि सँग वार्ता गर्न काम गर्ने बताउनुभयो ।

"म फ्लोटस (फर्स्ट लेडी अफ द युनाइटेड स्टेट्स) मेलानिया ट्रम्पलाई यस युद्धको सबैभन्दा पीडादायी र कठिन मुद्दामध्ये एक–रुसले युक्रेनी बालबालिकाहरूको अपहरण–मा ध्यान दिएकोमा धन्यवाद दिन चाहन्छु", उहाँले मङ्गलबार एक्समा पोस्ट गर्दै लेख्नुभएको छ, "हामी उहाँको करुणा र पुटिनलाई लेखिएको पत्रको गहिरो कदर गर्दछौँ । यो मुद्दा युद्धको मानवीय त्रासदीको मुटुमा छ–हाम्रा बालबालिकाहरू, टुटेका परिवार, अलगावको पीडा । कम्तिमा २० हजार बालबालिकालाई लगिएको छ । मैले राष्ट्रपति ट्रम्पलाई युक्रेनकी प्रथम महिला ओलेना जेलेन्स्काबाट मेलानियालाई कृतज्ञता पत्र पठाउन आग्रह गरेको छु । उहाँको आवाज महत्त्वपूर्ण छ, र उहाँको हेरचाहले यस उद्देश्यलाई शक्ति दिन्छ ।"जेलेन्स्कीले प्रत्येक बालबालिकालाई घर ल्याउने दिशामा अथक प्रयास गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "यही कुरा हाम्रा युद्धबन्दीहरू र सन् २०१४ देखि रुसमा अत्यन्त खराब अवस्थामा राखिएका नागरिकहरूका लागि पनि लागू हुन्छ । हजारौँ मानिस अझै पनि मुक्त हुन आवश्यक छ–र यो शान्ति निर्माणको एउटा हिस्सा हो । हामी सबै युद्धबन्दीहरूको आदानप्रदानका लागि रूसँग वार्ता गर्नेछौँ र मद्दत गर्ने बलिया साथीहरू पाएकोमा आभारी छौँ ।"

जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पोस्टको जवाफमा पनि टिप्पणी गर्नुभयो । मङ्गलबार ट्रम्पले उहाँ र युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन 'बेपत्ता बालबालिकाहरूको विशाल विश्वव्यापी समस्या' बारे छलफल गरिरहेको बताउनुभएको थियो । ट्रम्पले यस विषयलाई प्राथमिकता भएको बताउँदै विश्वले बालबालकाहरूलाई परिवारमा



फर्काउन काम गर्ने आशा व्यक्त गर्नुभयो ।

ट्रम्पले ट्रुथ सोसलमा लेख्नुभएको छ, "युरोपेली आयोगकी सम्मानित अध्यक्ष उर्सुला भोन डेर लेयन र मैले बेपत्ता बालबालिकाहरूको ठूलो विश्वव्यापी समस्या बारे छलफल गर्‍यौँ । मेरी श्रीमती मेलानियासँग पनि यो ठूलो विषय हो । यो सबै सूचीको शीर्षमा रहेको विषय हो र विश्वले यसलाई समाधान गर्न सँगै काम गर्नेछ, आशा छ उनीहरूलाई परिवारमा फर्काउन सकिन्छ !"

अगस्ट १५ मा मेलानिया ट्रम्पले रुसी राष्ट्रपति पुटिनलाई पत्र लेख्दै बालबालिका र भावी पुस्ताको सुरक्षाका लागि 'यो समय हो' भनेर आग्रह गरेकी गर्नुभएको थियो । पत्रमा भनिएको थियो, "यस्तो साहसी विचारले सबै मानवीय विभाजनलाई पार गर्छ ।"

यसअघि राष्ट्रपति जेलेन्स्कीले अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पका लागि युक्रेनकी प्रथम महिला ओलेना जेलेन्स्काको पत्र राष्ट्रपति ट्रम्पलाई उपहार दिनुभएको थियो ।यो विकास डोनाल्ड ट्रम्प, युरोपेली नेताहरू र युक्रेनी राष्ट्रपति बीचको बहुपक्षीय बैठकपछि भएको हो ।

सप्ताहन्तमा ट्रम्प र पुटिनबीच भेट भएको थियो । त्यसपछि जेलेन्स्कीले ट्रम्पसँग भेट गर्नुभएको थियो ।युरोपेली नेताहरू पनि वासिङ्टनमा युक्रेनसँग एकता देखाउन र युद्धपछिका सम्झौतामा बलियो सुरक्षा ग्यारेन्टीको वकालत गर्न आएका थिए ।

बैठकमा डोनाल्ड ट्रम्प, भोलोदिमर जेलेन्स्की, बेलायती प्रधानमन्त्री किर स्टार्मर, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन, इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनी, जर्मनीका चान्सलर फ्रेडरिक मेर्ज, फिनल्यान्डका अलेक्जान्डर स्टब, नाटो महासचिव मार्क रुट र युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन सहभागी हुनुहुन्थ्यो ।

### जेलेन्स्कीद्वारा ९० अर्ब डलरको अमेरिकी हतियार योजनाको पुष्टि

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सोमबार (स्थानीय समय) युक्रेनले आफ्नो सुरक्षा ग्यारेन्टीको एक हिस्साका रूपमा युरोपेली कोषमार्फत ९० अर्ब डलर मूल्यका अमेरिकी हतियार खरिद गर्ने योजनाको पुष्टि गर्नुभएको छ ।

तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको प्रस्तावित त्रिपक्षीय बैठकको मिति भने अझै अनिश्चित छ ।

"मिति ? होइन, होइन, छैन । हामीसँग कुनै मिति छैन । हामीले भर्खरै राष्ट्रपति र त्यसपछि हाम्रा सबै सहकर्मी र साझेदार हरूसँगको यो फलदायी बैठकपछि पुष्टि गर्‍यौँ, जसले हामी त्रिपक्षीय बैठकका लागि तयार छौँ भन्ने देखाउँछ", जेलेन्स्कीले भन्नुभयो, "यदि रुसले संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिलाई द्विपक्षीय प्रस्ताव गर्छ भने, त्यसपछि हामी त्यसको परिणाम हेर्नेछौँ, अनि पछि यो त्रिपक्षीय हुनसक्छ । त्यसैले मैले यो सम्पूर्ण कार्यक्रम स्पष्ट पारेँ । युक्रेन शान्तिको बाटोमा कहिल्यै रोकिने छैन र हामी कुनै पनि ढाँचाका लागि तयार छौँ, तर नेताहरूको स्तरमा ।"

ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युरोपेली नेताहरूसँगको वार्तापछि आयोजित सम्मेलनमा जेलेन्स्कीले यस्तो टिप्पणी गर्नुभएको हो । उहाँले युक्रेनले आफ्नो सुरक्षा ग्यारेन्टीको एक हिस्साका रूपमा युरोपेली कोषमार्फत ९० अर्ब डलर मूल्यका अमेरिकी हतियार खरिद गर्ने योजनाबारे छलफल भएको पनि बताउनुभयो ।

ग्यारेन्टीको अर्को भागमा युक्रेनले ड्रोन निर्माण गर्नेछ र यसको केही हिस्सा अमेरिकाले खरिद गर्नेछ । जेलेन्स्कीका अनुसार अझै कुनै औपचारिक सम्झौता भएको छैन, तर सम्झौता आगामी हप्ता वा १० दिनमा औपचारिक हुने अपेक्षा गरिएको छ ।

एक्समा पोस्ट गर्दै जेलेन्स्कीले लेख्नुभयो, "आज वासिङ्टनमा महत्त्वपूर्ण वार्ता भयो । हामीले राष्ट्रपति ट्रम्पसँग धेरै विषयमा छलफल गर्‍यौँ । यो लामो र विस्तृत कुराकानी थियो, जसमा युद्धको मैदानको अवस्था र शान्ति नजिक ल्याउनका लागि हाम्रा कदमहरूबारे छलफल भयो । युरोपेली नेताहरू र अमेरिकी राष्ट्रपतिसँग पनि एउटै ढाँचामा धेरै बैठकहरू भए ।"

"हामीले सुरक्षा ग्यारेन्टीबारे छलफल गर्‍यौँ । यो युद्ध अन्त्यतर्फको एउटा प्रारम्भिक विन्दु हो । यी ग्यारेन्टीहरूलाई समर्थन गर्ने र यसको हिस्सा बन्ने तयारीबारे अमेरिकाबाट आएको महत्त्वपूर्ण सङ्केतलाई हामीले कदर गर्दछौँ", उहाँले भन्नुभयो, "आजको छलफलमा हाम्रो बालबालिकाहरूको फिर्ती, रुसद्वारा बन्दी बनाइएका युद्धबन्दी र नागरिकहरूको रिहाइमा विशेष ध्यान दिइयो । यस विषयमा हामी काम गर्ने सहमतिमा पुगेका छौँ । अमेरिकी राष्ट्रपतिले नेताहरूको स्तरमा हुने बैठकलाई पनि समर्थन गर्नुभएको छ । संवेदनशील मुद्दाहरू समाधान गर्न यस्ता बैठकहरू आवश्यक हुन्छन् ।"

# टप एन्ड टी-ट्वान्टी शृंखलामा नेपालको पहिलो जित




काठमाण्डु । अस्ट्रेलियामा जारी टप एन्ड ट्वान्टी-२० शृंख्लामा नेपालले पहिलो जित निकालेको छ । आफ्नो चौथो खेलमा नेपालले होबार्ट हरिकेन्स एकेडेमीलाई ६६ रनले हराएको हो ।

अस्ट्रेलियाको काजालिस एरिना पामर्स्टनमा रङ्गशालामा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो । जितका लागि १८१ रनको लक्ष्य पछ्याएको होबार्ट हरिकेन्सले १६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ११४ रन मात्र बनायो । नेपाललाई विजयी दिलाउने क्रममा नन्दन यादव एक्लैले पाँच विकेट लिए । यस्तै कप्तान रोहितकुमार पौडेल, सन्दीप लामिछाने, कुशल भुर्तेल र रिजन ढकालले एक एक विकेट लिए ।

होबार्ट हरिकेन्सका लागि ब्याटिङ गर्ने क्रममा ब्राड्ली होपले ३१ तथा चार्ली वाकिमले २८ रन बनाए । यसअघि होबार्ट हरिकेन्सविरुद्ध १८० रन बनाउने क्रममा नेपालका लागि आरिफ शेखले सर्वाधिक ३३ रनको योगदान दिए । उनले २६ बलमा तीन चौका प्रहार गरे । त्यसैगरी आसिफ शेखले २८ बलमा दुई चौका प्रहार गर्दै २९ रन जोडे । लोकेश बमले अविजित २५ रन, कुशल भुर्तेलले २७, भीम सार्कीले १८ तथा कप्तान रोहितकुमार पौडेलले ९ रन जोडे ।

बलिङतर्फ होबार्टका निवेथन राधाकृष्णन र राफ म्याकमिलनले दुई/दुई तथा मार्कस बेन, गाबे बेल र ब्राडली होपले एक एक विकेट लिए । नेपाल यसअघि खेलेका तीनवटै खेलमा पराजित भएको थियो । नेपाल नर्दर्न टेरिटोरी स्ट्राइकरसँग ४२ रन, बङ्गलादेश 'ए'सँग ३२ तथा मलेबर्न स्टार्स एकेडेमीसँग ३१ रनले पराजित भएको थियो । नेपालले अब बुधबार मेलवर्न रेनेगेड्ससँग तथा शुक्रबार पाकिस्तान शाहिन्ससित खेल्ने छ ।रासस

> जितका लागि १८१ रनको लक्ष्य पछ्याएको होबार्ट हरिकेन्सले १६ दशमलव एक ओभरमा सवै विकेट गुमाउँदै ११४ रन मात्र बनायो । नेपाललाई विजयी दिलाउने क्रममा नन्दन यादव एक्लैले पाँच विकेट लिए ।

# इटालीको भेन्टिना हिमनदी तीव्ररूपमा पग्लिँदै



एपी

रोम । इटालीको भेन्टिना हिमनदी जलवायु परिवर्तनका कारण यति धेरै पग्लिएको छ कि भूगर्भविद्हरूले अब विगत एक सय ३० वर्षजस्तै प्रत्यक्ष रूपमा मापन गर्न सक्दैनन् । भेन्टिना हिमनदी उत्तरी लोम्बार्डीको सबैभन्दा ठूलो हिमनदीमध्ये एक हो ।

यस वर्षको तातो गर्मीपछि भूगर्भविद्हरूले हरेक वर्ष हिमनदीको फिर्ता मापन गर्न प्रयोग हुने आधारविन्दु (स्ट्याक) अब चट्टान र भग्नावशेषमुनि गाडिएको पत्ता लगाएका छन् । यसले भविष्यमा प्रत्यक्ष भ्रमणलाई जोखिमपूर्ण बनाएको छ।लोम्बार्डी ग्लेसियोलोजिकल सर्भिसले सोमबार अब हिमनदीको सङ्कुचन ट्र्याक गर्न ड्रोन इमेजरी र रिमोट सेन्सिङ प्रयोग गरिने बताएको छ । भूगर्भविद्हरूका अनुसार सन् १८९५ मा पहिलो मापन विन्दु राखिएदेखि भेन्टिना हिमनदीले एक दशमलव सात किलोमिटर (एक माइल) लम्बाइ गुमाइसकेको छ । हालका वर्षमा पग्लने गति झन् बढेको छ, विगत १० वर्षमै चार सय ३१ मिटर (चार सय ७१ गज) हराएको छ, जसको आधा सन् २०२१ पछि मात्र भएको हो ।

यो ग्लोबल वार्मिङका कारण युरोपभरका हिमनदीहरू तीव्र रूपमा पग्लिरहेको प्रमाण हो र यसले वातावरणीय र सामाजिक प्रभाव ल्याएको छ ।"सन् १९८० को दशकसम्म हामी अझै सामान्य चक्र वा सीमित फिर्ताको आशा गर्न सक्थ्यौँ, तर पछिल्ला ४० वर्षमा निकै ठूलो परिवर्तन भएको छ", लोम्बार्डी ग्लेसियोलोजिकल सर्भिसकी सदस्य एन्ड्रिया टोफालेट्टीले भन्नुभयो ।

इटालीका हिमनदीहरू आल्प्स, डोलोमाइट्स र एपेनिन्समा पाइन्छन् । तर जाडोमा पर्याप्त हिमपात नहुनु र गर्मीमा असामान्य तापक्रम बढ्नुका कारण ती वर्षौंदेखि घटिरहेका छन् । सामान्यतया गर्मीमा केही पग्लिएर खोलाहरू र नदीलाई पानी दिन्थे, तर अहिले तातो गर्मीले जाडोको हिउँलाई पनि टिक्न नसक्ने बनाएको छ ।

"हिमनदीलाई स्थिर राख्न जाडोपछि सतहमा बाँकी हिउँ आवश्यक हुन्छ । तर यो अब कम र दुर्लभ हुँदै गएको छ", टोफालेट्टीले भन्नुभयो ।लोम्बार्डी सेवाका अनुसार, आल्प्सलाई जलवायु परिवर्तनको ' हटस्पट' मानिन्छ । यहाँ तापक्रम वृद्धि विश्व औसतको दोब्बर छ र यसको परिणामस्वरूप अल्पाइन हिमनदीहरूको ६४ प्रतिशतभन्दा बढी भाग हराइसकेको छ ।

यसै वर्ष फेब्रुअरीमा जर्नल 'नेचर' ले प्रकाशित गरेको अध्ययनअनुसार, सन् २००० देखि सन् २०११ सम्म विश्वका हिमनदीहरूले हरेक वर्ष करिब दुई खर्ब ५५ अर्ब टन बरफ गुमाएका थिए । तर अर्को दशकमा यो दर बढेर हरेक वर्ष लगभग तीन खर्ब ४६ अर्ब टन पुगेको छ ।

# चीनले भारतको दुर्लभ खनिज र टनेल बोरिङ मेसिनको सहयोग गर्ने आश्वासन

एएनआई

नयाँदिल्ली ।चीनले भारतका तीन प्रमुख चिन्ताहरू - दुर्लभ खनिज तत्व, मल र टनेल बोरिङ मेसिनको आवश्यकतालाई सम्बोधन गर्ने वाचा गरेको छ ।

स्रोतअनुसार, चिनियाँ विदेशमन्त्री वाङ यीले भारतीय विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करलाई चीनले भारतका यी तीन आवश्यकता पूरा गर्न सहयोग गर्ने आश्वासन दिनुभयो ।चिनियाँ विदेशमन्त्री दुई दिने भ्रमणका लागि सोमबार भारत आइपुग्नुभएको हो ।

यसअघि सोमबार विदेशमन्त्री जयशङ्करले आफ्नो प्रारम्भिक टिप्पणीमा 'आर्थिक र व्यापारिक मुद्दा, तीर्थयात्रा, जनता-जनताबीचको सम्पर्क, नदी डाटा साझेदारी, सीमा व्यापार, कनेक्टिभिटी र द्विपक्षीय आदानप्रदान' मा छलफल हुने बताउनुभएको थियो ।

उहाँहरूले यस वर्ष जुलाईमा भएको चीन भ्रमणको क्रममा उठाइएका चिन्ताहरूलाई पनि पछ्याउनुभएको थियो ।चिनियाँ विदेशमन्त्रीसँगको भेटमा जयशङ्करले भारत-चीन सम्बन्धका विभिन्न पक्ष र आयामहरूबारे जोड दिनुभएको थियो ।

"यस सन्दर्भमा प्रतिबन्धात्मक व्यापार उपाय र अवरोधहरूबाट बच्न आवश्यक छ । भारत र चीनबीचको स्थिर र रचनात्मक सम्बन्ध हाम्रो मात्र होइन, विश्वकै फाइदाका लागि हो । आपसी सम्मान, आपसी हित र संवेदनशीलताको आधारमा सम्बन्ध सम्हालिँदा यो अझ राम्रो हुन्छ", उहाँले भन्नुभयो, "मतभेद विवाद वा प्रतिस्पर्धाको द्वन्द्वमा बदलिनु हुँदैन ।"




चिनियाँ विदेशमन्त्रीको भारत भ्रमणले दुई देशलाई द्विपक्षीय सम्बन्धको समीक्षा गर्ने र विश्वव्यापी अवस्था तथा आपसी हितका मुद्दामा विचार आदानप्रदान गर्ने अवसर प्रदान गरेको उहाँले बताउनुभयो ।

पूर्वी लद्दाखमा वास्तविक नियन्त्रण रेखा (एलएसी) मा चिनियाँ सेनाको गतिविधिले उत्पन्न गतिरोधपछि भारत-चीन सम्बन्ध बिग्रिएको थियो । यो गतिरोध सन् २००० अप्रिल-मेमा सुरु भएको हो, जसमा केही घर्षण विन्दुबाट सेना फिर्ता गर्ने सम्झौतापछि केही तनाव घटेको छ ।

सन् २०२४ को ब्रिक्स शिखर सम्मेलनअघि भारत र चीनले एलएसीमा गस्ती व्यवस्था गर्ने सहमति गरेका थिए । हालका महिनामा दुवै देशले सम्बन्ध सुधार गर्ने कदम चालेका छन् । भारतले पूर्वी लद्दाखमा एलएसीमा 'डि-एस्केलेसन' (तनाव घटाउने प्रक्रिया) अघि बढाउनुपर्नेमा जोड दिएको छ ।

युक्रेन युद्धको समाधान खोज्ने प्रयास र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाउनुभएको करका कारण उत्पन्न भू-राजनीतिक उतारचढावबीच जयशङ्करले विश्वव्यापी अर्थतन्त्रमा स्थिरता बढाउन आवश्यक रहेको बताउनुभएको छ ।प्रधानमन्त्री नरेन्द्र मोदी अगस्ट ३१ देखि सेप्टेम्बरसम्म तियानजिनमा हुने साङ्घाई सहयोग सङ्गठन (एससिओ) शिखर सम्मेलनमा भाग लिन चीन जाने अपेक्षा गरिएको छ ।

# बेलायतको सङ्गीत महोत्सवमा प्रदर्शन हुँदै ३०० वर्ष पुरानो भायलिन

एएफपी

लन्डन ।संसारकै सबैभन्दा मूल्यवान भायलिनमध्ये एक, तीन शताब्दीअघि बनेको र एक समय सङ्गीतकार निकोलो पागानिनीको स्वामित्वमा रहेको, बेलायतको शीर्ष शास्त्रीय सङ्गीत महोत्सवमा बजाइने भएको छ।

क्यारोडस नामको यो भायलिन जिउसेप गुर्नेरी डेल गेसुले बनाएका लगभग एक सय ५० मध्ये एक हो, जुन शताब्दीयौँसम्म सुरक्षित रह्यो। हाल, एक परोपकारी समूहले यसलाई दुई करोड डलरमा अधिग्रहण गरेको छ।

यो भायलिन सन् १७४३ मा उत्तरी इटालीको क्रेमोनियामा बनाइएको हो। दक्षिण कोरियाली भायलिनवादक इन्मो याङले पहिलो पटक यसलाई बिबिसी प्रोम्सको भागको रूपमा बजाउनुहुनेछ ।एक समय इटालियन सङ्गीतज्ञ पागानिनीको स्वामित्वमा रहेको यो भायलिन अगस्ट २८ मा लन्डनको रोयल अल्बर्ट हलमा प्रदर्शन हुनेछ।

उधारो दिएको छ। सोसाइटीले विश्वका प्रमुख सङ्गीतकारहरूलाई दुर्लभ र बहुमूल्य वाद्ययन्त्रहरू उपलब्ध गराउने काम गर्छ।

इटालियन लुथियर एन्टोनियो स्ट्राडिवारीसँगै गुर्नेरी सबै समयका प्रसिद्ध भायलिन निर्मातामध्ये एक थिए। सोसाइटीका सह-संस्थापक स्टेफन जानसेनले भन्नुभयो, " स्ट्राडिवारीले चर्च र कुलीन वर्गका लागि भायलिन बनाए, तर गुर्नेरीका भायलिन सङ्गीतकार हरूको लागि विशेष थिए। तिनीहरू आफ्नो गहिरो र समृद्ध स्वरका लागि प्रसिद्ध छन्।"

जानसेनले याङका बारेमा भन्नुभयो, "इन्मो आफ्नो पुस्ताका उत्कृष्ट सङ्गीतकारमध्ये एक हुनुहुन्छ । जब उहाँ मेरो घर आउनुभयो र मैले उहाँलाई भायलिन देखाएँ, पहिलो सेकेन्डमै यो खेल हो भन्ने कुरा स्पष्ट भयो। किनभने अन्ततः, यो रसायनशास्त्रसँग पनि सम्बन्धित छ ।"याङले पाब्लो डे सारासाटको 'कारमेन फ्यान्टसी' प्रदर्शन गर्नुहुनेछ, जुसलाई उहाँ



प्रोम्समा डेब्यू गर्दै याङले एएफपीसँग भन्नुभयो, "यो उपकरण पाएकोमा म कति भाग्यमानी छु भन्ने विश्वास गर्न सक्दिनँ। यो सजिलैसँग अहिलेसम्म बनेको सबैभन्दा उत्कृष्ट उपकरणहरू मध्ये एक हो। मैले यसलाई राम्रोसँग हेरचाह गर्ने र सुन्दर आवाज निकाल्ने जिम्मेवारी महसुस गर्छु, ताकि मानिसहरूले बुझुन् कि यी भायलिनहरू सङ्ग्रहालयको भल्टमा मात्र राख्नुको सट्टा बजाउनु उपयुक्त छ ।"परोपकारी, संरक्षक र प्रायोजकहरू रहेको स्ट्रेटन सोसाइटीले याङलाई यो भाइलिन

भायलिनका लागि 'विशेष उत्कृष्ट टुक्रा' मान्नुहुन्छ ।

"भायलिनको फराकिलो प्यालेटले 'कारमेन'को बलियो र कहिलेकाहीँ फ्लर्टी चरित्र थप्छ। वाद्ययन्त्रको आवाज पनि अप्रत्याशित छ र यस प्रकारको मनमोहक प्रकृतिले टुक्रालाई अझ जीवन्त बनाउँछ", याङले भन्नुभयो, "पागानिनीले यो भायलिन प्रयोग गरेको सोच्नु आध्यात्मिक अनुभव जस्तो हो। मलाई लाग्छ, मानिसहरू पागानिनीको आफ्नै भायलिनमा बजाइएको सङ्गीत सुन्न चाहन्छन् ।"

# किम जोङ उनद्वारा नयाँ युद्धपोत निरीक्षण

एपी

सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो सबैभन्दा उन्नत युद्धपोत 'चो ह्योन' को निरीक्षण गर्दै दक्षिण कोरिया र अमेरिकाबीच सुरु भएको संयुक्त सैन्य अभ्यासको तीव्र आलोचना गर्नुभएको छ ।

उहाँले यस्तो अभ्यासलाई 'शत्रुतापूर्ण' भन्दै आणविक शक्ति विस्तारलाई अझै छिटो अघि बढाउने घोषणा गर्नुभयो ।

दक्षिण कोरिया-अमेरिकाको 'उल्ची फ्रिडम सिल्ड' नामक ११ दिने अभ्यासमा करिब २१ हजार अमेरिकी र १८ हजार दक्षिण कोरियाली सैनिक सहभागी छन् । यस अभ्यासमा कम्प्युटर-सिमुलेटेड युद्ध योजनादेखि फिल्ड प्रशिक्षणसम्म समावेश गरिएको छ । उत्तर कोरियाले भने यसलाई आक्रमणको तयारीका रूपमा व्याख्या गर्दै आएको छ ।

किमले पाँच हजार टन क्षमताको विध्वंसक ' चो ह्योन' लाई उत्तर कोरियाको नौसेना आणविक शक्तिको मुख्य आधारका रूपमा वर्णन गर्नुभएको छ ।


यो युद्धपोत विभिन्न एन्टी-एयर, एन्टी-नेभल हतियारसहित ब्यालेस्टिक र क्रुज मिसाइल जस्ता आणविक सक्षम प्रणालीले सुसज्जित छ । यसलाई अर्को वर्षदेखि सक्रिय कर्तव्यमा ल्याउने तयारी भइरहेको छ ।

उत्तर कोरियाले यसै वर्ष दोस्रो र तेस्रो विध्वंसक निर्माणमा समेत काम गरिरहेको जनाएको छ । तर केही जहाज निर्माण प्रक्रियामा समस्या आएकाले बाह्य विशेषज्ञहरूले यसको पूर्ण क्षमतामा शङ्का व्यक्त गरेका छन् ।

किमले अभ्यासलाई 'पहिलेभन्दा बढी उत्तेजक' भन्दै सक्रिय र भारी प्रतिकार गर्ने चेतावनी दिनुभएको छ । उहाँले सुरक्षा वातावरण दिनप्रतिदिन गम्भीर बन्दै गएको र यसका लागि सैन्य सिद्धान्त तथा अभ्यासमा द्रुत परिवर्तन आवश्यक भएको बताउनुभयो ।

दक्षिण कोरियाका नयाँ राष्ट्रपति ली जे म्युङले भने वार्ता र विश्वास पुनःस्थापनामा जोड दिँदै सन् २०१८ को अन्तर-कोरियाली सैन्य सम्झौता पुनर्जीवित गर्न चाहेको बताउनुभएको छ । तर उत्तरले त्यो सम्झौता पालना नगर्ने घोषणा गरिसकेकाले भविष्यको संवाद अझै अनिश्चित देखिन्छ ।

# फलामखानी उत्खनन् गर्न माग



पर्वत । यहाँको महाशिला गाउँपालिका-६ मा रहेको सम्भावित फलामखानी उत्खनन गर्न स्थानीयवासीले पुनःमाग गरेका छन्  विगत चार वर्षअघि पनि खानी तथा भूगर्भ विभाग लैनचौर काठमाडौँको टोलीले खानीको उत्खनन गर्न प्रक्रिया सुरु गरेको भए पनि अध्ययन, अनुसन्धानमात्र गरेर फर्किएको थियो । भूगर्भविद् हरूले इआरटी (इलेक्ट्रिकल रेसिस्टीभिटी टेक्नोलोजी)का माध्यमबाट अध्ययन गर्दा प्रशस्त फलाम रहेको प्रमाण भेटिएको जनाइएको थियो । कुनै ठाउँमा सतहमा फलाम भेटिएको थियो भने कुनै स्थानमा जमिनमुनि भएको पाइएको बताइएको छ ।

फलामखानीमा दुई किलोमिटर लम्बाइमा खानी फैलिएको अनुमान छ । तर स्थानीयले पटकपटक फलामखानीको उत्खनन माग गर्दा पनि कतैबाट तदारुकता नदेखाएपछि निरास बनेका छन् । कहिले केन्द्र सरकार त कहिले प्रदेश सरकारसँग उत्खननको माग गरे पनि नीति तथा कार्यक्रममा चर्चा हुने तर बजेट विनियोजन नहुने समस्या भएको महाशिला -६ का वडाध्यक्ष गोविन्दबहादुर विकले बताउनुभयो ।

धुवाँकोटे फलामले चिनिएको खानी सञ्चालनका लागि खानी तथा भूगर्भ विभाग र लुम्बिनीस्थित नेपाल पर्वत खनिज उद्योगबीच २०६७ पुस ८ गते सम्झौता पनि भएको थियो । तर उक्त कम्पनीले लामो समय चासो नदेखाएपछि विभाग आएर अध्ययन गरे पनि अन्य प्रक्रिया भने सुरु नभएको उहाँले जानकारी दिनुभयो । उक्त फलामखानी सदरमुकाम कुश्मा बजारबाट झण्डै ३५ किलोमिटरको दूरीमा रहेको छ । महाशिला वडा नं ५ लुत्रुदेराली र वडा नं ६ फलामखानी क्षेत्रमा फैलिएको यो खानीको विस्तृत सर्वेक्षण गरी उत्खनन गर्न लामो समयदेखि स्थानीयवासीले माग गर्दै आएका छन् ।

स्थानीयले उत्खनन गरेको फलामका सामग्री २०४० सालसम्म पनि किन्न र देख्न पाइने यहाँका बुढापाकाहरु बताउँछन् । यहाँको फलाम अन्यत्रजस्तो प्रशोधन गर्नुपर्ने नभएको उनीहरुको भनाइ छ । खानीबाट निकालेको फलाम सिधैँ तताएर आवश्यक सामग्री बनाउन सकिने खालको भए पनि पछि कोइला अभावमा उत्खनन् गर्न छाडेको स्थानीय प्रेमबहादुर सुनारले जानकारी दिनुभयो ।

उहाँका अनुसार तत्कालीन समयमा यहाँको फलामबाट बनेका घरेलु हतियार बागलुङ, पाल्पा, स्याङ्जाका विभिन्न गाउँमा बिक्री हुन्थ्यो । आधुनिक मेसिन र सडकको यात्रा नहुने भएकाले पर्वत आसपासका खोलामा निर्माण भएका पुलमा समेत यहीँको फलामबाट बनेका लठ्ठाको प्रयोग गरिएको थियो । मोदीवेणी र जैमिनीघाटका पुलमा अझै पनि फलामखानीको फलामले बनेका लठ्ठाका पुल देख्न सकिन्छ ।

गाउँभरि सम्भावित फलामको खानी भएकाले नै उतिबेला यो गाउँको नामै फलामखानी राखिएको वडाध्यक्ष विकले बताउनुभयो । फलामखानीमा बसोबास गर्ने विक र दर्जी परिवारबाट कम्तीमा एक जना उतिबेला फलामको खानीमै बास बस्ने गरेको वडाध्यक्ष विकको भनाइ छ । यहाँको फलामखानी उत्खनन् हुने हो भने मुलुककै आर्थिक अवस्था सुधारमा फाइदा पुग्नुका साथै सयौँ युवायुवतीले रोजगारीको अवसर पाउने उहाँ बताउनुहुन्छ ।

घरदैलोमा भएको फलामको खानी उत्खनन गर्न नसकेर आयातित फलाम प्रयोग गर्नुपरेको स्थानीय बलबहादुर क्षेत्रीले बताउनुभयो । तत्कालीन जिल्ला विकास समितिको पहलमा २०६० को दशकमा  सरकार र विभिन्न खानी तथा भूगर्भशास्त्रीहरूसँग यहाँको खानी उत्खनन गर्न विभिन्न प्रयास गरेको भए पनि सम्भव नभएको उहाँको भनाइ छ ।

यसैबीच बन्द अवस्थामा रहेको उक्त फलामखानी सञ्चालन गर्ने प्रक्रिया अघि बढाउन प्रधानमन्त्री केपी शर्मा ओलीले चासो व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा गत शुक्रबार आयोजित मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता कार्यक्रममा विभागीय मन्त्री तथा सचिवलाई फलामखानी तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिनुभएको हो । नयाँ र युगान्तकारी काम गर्न सबै मन्त्री तथा सचिवलाई निर्देशन दिँदै धौवादीभन्दा पनि राम्रो फलाम पर्वतको फलामखानीमा हुनसक्ने भन्दै त्यसलाई तत्काल सञ्चालनमा ल्याउनका लागि अध्ययन अनुसन्धान थालिहाल्न निर्देशन दिनुभएको हो । उहाँले विशेषगरी उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेलाई अध्ययन, अनुसन्धान गर्न लगाइहाल्न निर्देशन दिनुभएको हो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "पर्वत तथा कास्कीका विभिन्न खोलामा अहिले पनि साविक फलामखानी गाविसको मैमडाँडाको फलामले बनेका पुलहरू रहेका छन् । विशेषगरी पोखराको भिमादमा अहिले पनि साङ्लवाला पुल झुन्डिइरहेको छ । त्यहीँका लोहारहरूको मेहनतले बनाएको पुल अझै झुण्डिएको छ ।" प्रधानमन्त्री ओलीले पर्वतको फलामखानीलाई धौवादीको फलामसँग मिलाएर उन्नत खालको फलाम उत्पादन गर्न सकिने बताउनुभयो । उहाँले मुलुकको आर्थिक समृद्धि, रोजगार सृजना र आयातित फलामलाई विस्थापित गर्नका लागि यस्ता खालका उद्योग सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको हो ।रासस

# 'पहाडकी रानी'सँग पर्यटकीय साझेदारी बढाउँदै पोखरा



गण्डकी । पोखरा भ्रमण वर्ष-२०२५ घोषणासहित आफ्ना विभिन्न पर्यटकीय गतिविधि बढाइहेको पोखरा महानगरपालिकाले भ्रमण वर्ष घोषणा भएका स्थानीय पालिकामध्येको तनहुँको बन्दीपुरमा त्यहाँका सम्बद्ध अधिकारीहरूबीच पर्यटकीय साझेदारीलगायतका विषयमा अन्तरक्रिया गरेको छ ।

प्रकृति, संस्कृति र ऐतिहासिकताले सम्पन्न 'पहाडकी रानी' उपमा पाएको बन्दीपुरमा पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराई नेतृत्वको टोलीले पोखरा र बन्दीपुरबीचको पर्यटकीय साझेदारीका सम्भावनाका सम्बन्धमा छलफल गरेको हो । दिगो पर्यटनको विकासका लागि स्थानीय तहसँग सहकार्य गर्दै अघि बढ्ने योजनाअनुरुप भ्रमण वर्ष घोषणा भएका स्थानीय तहसँग छलफल एवं अन्तरक्रिया बढाइएको पोखरा भ्रमण वर्ष कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराईले बताउनुभयो ।

"हामी योसँगै गण्डकी प्रदेशभित्रका ८५ वटै स्थानीय तहसँग छलफल बढाउने तयारीमा छौँ", उहाँले भन्नुभयो, "पर्यटनको विकास केवल एउटैले गरेर मात्र हुँदै एकापसमा गरिने सहकार्यले दिगो पर्यटन विकासलाई महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।"

नेपाल भित्रिएका सबै पर्यटकलाई पोखरा ल्याउने र पोखरा आएका पर्यटकलाई आसपासका पर्यटकीय गन्तव्यमा पुऱ्याउन एकापसमा साझेदारी र सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो । साझेदारी र सहकार्यकै लक्ष्यका साथ आइतबार मात्रै भ्रमण वर्ष घोषणा गरिएको गोरखा नगरपालिकामा सम्बद्ध अधिकारीहरूसँग छलफल एवं अन्तरक्रिया गरिएको छ ।

बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङले पोखरासँगको पर्यटकीय साझेदारीले बन्दीपुरको पर्यटनमा महत्वपूर्ण प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । "सहकार्यले दुवै गन्तव्यको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्छ", उहाँले भन्नुभयो, "यसका लागि एकापसमा सहकार्य आवश्यक छ, हामी सहकार्य गर्दै अघि बढ्न इच्छुक छौँ ।"

बन्दीपुर भ्रमण वर्ष-२०२५ का संयोजक वैशबहादुर गुरुङले पर्यटकीय गन्तव्यहरुबीच एकापसको सहकार्यले दिगो पर्यटनमा योगदान पुग्ने धारणा राख्नुभयो । एकापसका गन्तव्यको पर्यटकीय साझेदारीका लागि अगुवाइ पोखराले लिनुपर्ने बताउँदै उहाँले सामूहिक प्रयासले हामी सबैलाई फाइदा पुग्ने उल्लेख गर्नुभयो ।

पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल तिमिल्सिनाले पर्यटनमा सहकार्य बढाउँदै त्यसको लाभसामूहिकरुपमालिनसक्नेवातावरण तयार गर्ने लक्ष्यका साथ स्थानीय तहसँग साझेदारीको अभियान सुरु गरिएको बताउनुभयो । पोखरालाई पर्यटन राजधानी घोषणा गरेपछि पर्यटन सम्बद्ध क्षेत्रको विकासका लागि पोखरामा एसियाली विकास बैङ्कलगायत विकास साझेदार हरूबाट ठूलो लगानी हुन लागेको उहाँले जानकारी दिनुभयो ।

पोखरा भ्रमण वर्ष-२०२५ कार्यसम्पादन समितिका सह-संयोजक दामोदरभक्त थापाले एकापसका गन्तव्यबाट पर्यटक आदानप्रदान गर्न सकेमा सामूहिक लाभ लिन सकिने बताउँदै यसका लागि सहकार्य जरुरी भएको धारणा राख्नुभयो । नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष डिपी अधिकारीले भ्रमण वर्ष घोषणा भएका स्थानीय तह एकै ठाउँमा बसेर पर्यटकीय साझेदारीलगायतका विषयमा नीतिनिर्माण बढ्दै अघि बढ्न सकेमा समग्र पर्यटको विकासमा महत्वपूर्ण उपलब्धि हासिल हुने बताउनुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले एकापसको पर्यटकीय सहकार्यले दुवै गन्तव्य लाभान्वित बन्ने बताउनुभयो । यसबाट पर्यटकको बसाइ लम्ब्याउन योगदान पुग्नाका साथै पर्यटकले गर्ने खर्च पनि बढाउने उहाँले बताउनुभयो । पोखरा भ्रमण वर्ष-२०२५ कार्यसम्पादन समितिका सदस्यसचिव एवं महानगरपालिका आर्थिक विकास महाशाखाप्रमुख मनहर कडरियाले पोखरा पर्यटन राजधानी घोषणा भएसँगै विकास साझेदार संस्थाहरू पनि लगानीका लागि इच्छुक भएको बताउनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, महिला व्यवसायी रामकली खड्का, बन्दीपुर भ्रमण वर्ष-२०२५ का सदस्य राजु बानियाँ, उद्योग वाणिज्य सङ्घ बन्दीपुरका अध्यक्ष घनश्याम खड्कालगायतले पर्यटकीय गन्तव्यबीच सहकार्य हुँदा त्यसबाट पर्यटकको बसाइ लम्ब्याउन सहयोग पुग्ने बताउनुभयो । रासस

# गण्डकीले ल्यायो घरेलु मदिरा ऐन




गण्डकी । गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेशसभाबाट पारित भएको छ ।

मंगलबार बसेको प्रदेशसभा बैठकले सर्वसम्मत रूपमा उक्त विधेयक पारित गरेको उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले जानकारी दिनुभयो । "विषयगत समिति र प्रदेशसभामा दफाबार छलफल भएपछि विधेयक पारित भयो", उहाँले भन्नुभयो, "घरेलु मदिराको 'ब्राण्डिङ' र बजारीकरणका लागि कानुनी प्रबन्ध गरिएको छ ।"

प्रदेश सरकारले घरेलु मदिर ासम्बन्धी विधेयकलाई गत चैत १४ गते प्रदेशसभामा प्रस्तुत गरेको थियो । त्यसअघि प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत घरेलु मदिरालाई कानुनी मान्यता दिने घोषणा गरेको थियो । लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई पनि नियमन तथा व्यवस्थापन गर्न ऐन ल्याइएको मन्त्री बस्यालले बताउनुभयो । उक्त ऐन निर्माणमा क्रममा विज्ञसहित सरोकार भएका पक्षहरुसँग व्यापक छलफल गरिएको उहाँको भनाइ छ ।

मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न गरिएको हो । परम्परागत रूपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने हुँदा व्यावसायिक उत्पादनलाई मात्र कानुनी दायरामा ल्याउन लागिएको मन्त्री बस्यालले बताउनुभयो । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने उहाँले बताउनुभयो ।

केही समयअघि गण्डकी विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको थियो । प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिएको थियो । मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएपछि प्रदेश सरकारले घरेलु मदिरालाई कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको थियो ।

ऐनमा घरेलु मदिरा उत्पादनका लागि प्रदेश सरकारबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था गरिएको छ । व्यक्ति, फार्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको उत्पादन, सङ्कलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न मनाउने व्यवस्था गरिएको छ । धर्म, परम्परा, घरायसी प्रयोजन तथा निजी उपयोगका लागि वार्षिक ५० लिटरसम्म उत्पादन गर्न इजाजतपत्र लिनु नपर्ने व्यवस्था ऐनमा रहेको मन्त्री बस्यालले जानकारी दिनुभयो । रासस


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, बर्दिवासका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति  गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०५/०४ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक )**

यस बैंक (साबिकको सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०१/२८ गते आइतबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दरभाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/०५/१९ गते बिहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने  तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते तथा धितोसुरक्षणको विवरण :**

| | |
|---|---|
| **ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा प्राईभेट रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७४/०७/२० मा दर्ता भई प्रा.फ.र.नं. ४०९४/२८/०७४/७५ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७४/०७/२० (मु.अ.क. दर्ता मिति २०७५/०७/११) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७११८३७९ को प्रमाणपत्र प्राप्त राज कुमारी महत्तो को प्रोप्राइटरसिपमा रहेको **माँ पञ्चधुरा अटोमोबाइल्स ।**<br>**रजिष्टर्ड ठेगाना :** महोत्तरी जिल्ला गौशाला न.पा. वडा नं. ५ । | **प्रोप्राईटर तथा जमानतकर्ता : राज कुमारी महतो**<br>(ना.प्र.न: १८३०६३/१२०१ जारी मिति २०६३/१०/२१ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ).<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १ (साबिक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९ )<br>बाबु : नबल किशोर महतो कोइरी<br>बाजे : बतहु महतो ।<br>पति : शत्रुध्न कुमार महतो कोइरी ।<br>ससुरा : राम दयाल महतो कोइरी । |
| **जमानतकर्ता : शत्रुध्न कुमार महतो कोइरी**<br>(ना.प्र.न: ३३६९२००३ जारी मिति २०५५/१०/२७ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १ (साबिक महोत्तरी जिल्ला गोनरपुरा गा.बि.स. वडा नं. ९)<br>बाबु : राम दयाल महतो कोइरी । बाजे : कलर महतो कोइरी । | **जमानतकर्ता : नबल किशोर महतो कोइरी**<br>(ना.प्र.नं. १८२६२६७६ जारी मितिः २०४६/१२/०१ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १३ (साविक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९) ।<br>बाबु : बतहु महतो । बाजे : ज्ञान चन महतो । |
| **जमानतकर्ता : सरोज कुमार महतो**<br>(ना.प्र.न: १८-१-०६०/१४९, जारी मिति २०६६/०८/०२ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १३ (साविक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९) ।<br>बाबु : नबल किशोर महतो कोइरी ।<br>बाजे : बतहु महतो । | **जमानतकर्ता : रुपकला देवि महतो**<br>(ना.प्र.न: १८३०६३/१२०० जारी मिति २०६३/१०/२१ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ).<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १३ (साबिक महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स. वडा नं. ९)<br>बाबु : अनुप महतो ।<br>पति : नबल किशोर महतो कोइरी । ससुरा : बतहु महतो । |

**ख. धितो सुरक्षणको विवरण :**

१. राज कुमारी महतोको नाममा मालपोत कार्यालय वर्दिवासमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला बिजलपुरा गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३क, कित्ता नं. ६५४ क्षेत्रफल ०-५-१६.७५-० (बिघा)को घर/जग्गा, ऐ.जि. २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ कित्ता नं. २१४१ क्षेत्रफल ०-१-१३.५-० (बिघा)को घर/जग्गा, र ऐ.जि. किसाननगर गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १क स्थित कित्ता नं. ६०६ र ६०४ क्षेत्रफल ०-३-१६-० र ०-१-१९-० (बिघा)को घर/जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............................................................१

२. ऋणी **माँ पञ्चधुरा अटोमोबाइल्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, बर्दिवास, महोत्तरीबाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००



## धितो घडेरी (जग्गा) लिलामसम्वन्धी सूचना

यस जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि.जनकपुरधाम-२ वाट तपसिलमा उल्लेखित व्यक्तिहरुले विभिन्न मितिमा ऋण कर्जा लिई हालसम्म  ऋणको सावाँ र ब्याज नबुझाएको मा यस संस्थावाट विभिन्न मितिमा लिखित,मौखित गरी पटक-पटक ताकेता गर्दा पनि साँवा र व्याज नवुझाएको हुदाँ,२०८२।०३।२७ गतेको संचालक समितिको निर्णय अनुसार २०८२ श्रावन महिनाभित्र ऋणको साँवा,व्याज र हर्जाना बुझाउन सम्वन्धित ऋणीहरुलाई पत्र बुझाउदाँ पनि पत्रको कुनै वास्ता नगरेकोले धितो जग्गा लिलाम-डाँक गरी बाँकी रहेको साँवा,व्याज र हर्जाना असुल गर्न जनकपुर राष्ट्रीय दैनिक पत्रिका जनकपुर-टुडेमा प्रथम पटक प्रकाशित मिति २०८२।५।४ देखि ३५ दिनको म्याद दिई यो सुचना प्रकाशित गरिएको छ। सूचनाको  म्याद सकिएको भोलि पल्ट अर्थात मिति २०८२।६।८ गते वुधवारका दिन तपशिलमा उल्लेखित घर,घडेरी ,जग्गाको लिलाम डाँक यस संस्थामा दिनको १ वजे देखि शुरु गरिनेछ। सो दिन लिलाम-डाक पुरा नभएमा भोलि पल्ट पनि दिनको १ वजे देखि लिलाम-डाक चालु राखिनेछ। लिलाम-डाक सम्वन्धि अरु जानकारी चाहिएमा इच्छुक व्यक्ति,संस्थाले संस्थाको कार्यालय जनकपुर-२ कदमचौकमा दिउसो ११ वजे देखि वेलुकी ४ वजेसम्म सम्पर्क गरी आवश्यक जानकारी लिन सकिनेछ। लिलाम-डाक हुने दिन विदा पर्न गएमा सोको भोली पल्ट लिलाम-डाक गरिनेछ।

**तपसिल**

| क्र.स. | ऋण नं. | ऋणी नाम र बाबु/पतीको नाम | ठेगाना | धितो घर घरेडीको विवरण: कित्ता नं. | क्षेत्रफल | स्थान | घर / वाटो | वुझाउनु पर्ने जम्मा सावाँ र व्याज रकम रु. | लिलाम डाँक सुरुको न्युनतम मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१ | पुनम देवी झा<br>पति-प्रदिप झा | जनकपुर-१६, कपिलेश्वर | २६४ | ७२.५०<br>०-०-४-२८ | जनकपुर-१६ | घर र वाटो भएको | १०,७१,४३९।- | १५,००,०००।-<br>(पन्द्र लाख) |
| २ | ४२ | रंजित ठाकुर<br>बाबु-राम विलास ठाकुर | नकटाझिझ-१ | ८६ | ०००८४.६५<br>०-०-५-० | जनकपुर-१६ | वाटो भएको | ३,८७,६००।- | १०,००,०००।-<br>(दस लाख) |
| ३ | ५५ | प्रितम यादव<br>बाबु-प्रभु यादव | बेंगा शिवपुर-१<br>(जनकपुर-१९) | २५ र<br>२६ | ०-०-१४-०<br>०-०-१२-१ | जनकपुर-१ | वाटो भएको | १५,१४,०६७।- | २०,००,०००।-<br>(विस लाख) |
| ४ | १३० | रिना साह<br>पति-दुखरन साह | बेंगा शिवपुर-१<br>(जनकपुर-१९) | १६३७ | ०-०-९-२ | बैंगा शिवपुर-३ | वाटो भएको | १३,१५,४९१।- | १५,००,०००।-<br>(पन्द्र लाख) |
| ५ | १७९ | मकिना खातुन<br>पति-जहरुल कवारी | देवपुरा रुपैठा-८<br>(जनकपुर-२०) | १९२१ | ०-०-१०-० | देवपुरा रुपैठा-८ | वाटो भएको | ११,९२,४९५।- | २०,००,०००।-<br>(विस लाख) |
| ६ | १९९ | सकिना खातुन<br>पति-सवदर कवारी | देवपुरा रुपैठा-९<br>(जनकपुर-२०) | १ | २०३ व.मि.<br>०-०-१२-० | देवपुरा रुपैठा-९ | घर र वाटो भएको | १५,३९,३३०।- | २२,००,०००।-<br>(बाईस लाख) |
| ७ | २०२ | हुसेन नदाफ<br>बाबु-जनिफ नदाफ | देवपुरा रुपैठा-९<br>(जनकपुर-२०) | ३०४९ | ०-०-५-० | देवपुरा रुपैठा-८ | वाटो भएको | ८,१०,८२५।- | १०,००,०००।-<br>(दस लाख) |

**अध्यक्ष**

# करेन्ट लागेर ज्यान गुमाएका किसानलाई क्षतिपूर्ति दिन माग



**टुडे समाचारदाता**

जनकपुरधाम। जनमत पार्टीले अव्यवस्थित विद्युतीकरणका कारण करेन्ट लागेर मधेश प्रदेशमा किसानहरूको मृत्यु भएकोबारे नेपाल विद्युत प्राधिकरणलाई ध्यानाकर्षण गराएको छ।

जनमतका प्रवक्ता डा.शरद सिंह यादवले प्राधिकरणलाई ज्ञापनपत्र बुझाउँदै कृषि विद्युतीकरणलाई तत्काल सुरक्षित र व्यवस्थित बनाउन माग गरे।

पछिल्लो पाँच वर्षमा मधेस प्रदेशमा मात्र ४४९ जनाले खेतमा काम गर्ने क्रममा करेन्ट लागेर ज्यान गुमाएको प्रहरीको तथ्यांक रहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। कृषि विद्युतीकरणका लागि गाडिएका पोल र तारहरूमा कुनै मापदण्ड नअपनाइएको र खेतमा जथाभाबी तारहरू छोडिँदा दुर्घटना बढेको पार्टीले ज्ञापनपत्रमा उल्लेख गरेको छ।

सो ज्ञापनपत्रमा भनिएको छ, 'खेतमा चिस्यान भइराख्ने हुनाले विद्युत् सर्ट हुने खतरा बढेको र पोलपोलमा डिस्ट्रिब्युसन बक्सको व्यवस्था नभएको हुँदा किसानले आफ्नो कृषि मिटर लुज हुकिङ गर्न बाध्य हुनुपरेकोले अधिकांश दुर्घटना भइरहेको छ।'

यस्तो अव्यवस्थाले किसानको जीवन जोखिममा परेको भन्दै जनमत पार्टीले मागहरू पूरा नभए चरणबद्ध आन्दोलनमा जाने चेतावनीसमेत दिएको छ।

कृषि विद्युतीकरणका लागि तत्काल वैज्ञानिक मापदण्ड बनाएर लागू गर्नुपर्ने, खेतमा रहेका हरेक पोलमा तत्काल डिस्ट्रिब्युसन बक्स जडान गर्नुपर्ने, विद्युतीय दुर्घटनाबाट घाइते भएका र ज्यान गुमाएका किसानका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, विद्युतीय कृषि बिमाको व्यवस्था लागू गर्नुपर्ने, किसानहरूलाई कृषि मिटर र त्यसको बिल निःशुल्क गर्नुपर्नेलगायतका माग जनमतले गरेको छ।

# बमजनलाई सफाइ दिने फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन



**टुडे समाचारदाता**

जनकपुरधाम । तपश्वीको भेष धारण गरेका रामबहादुर बमजनलाई सफाइ दिने उच्च अदालत जनकपुरको फैसलाविरूद्ध महान्यायाधिवक्ता कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन पेश गर्ने भएको छ।

महान्यायाधिवक्ता कार्यालयले सर्वोच्च अदालतमा पुनरावेदन पेश गरेको छ।

उच्च अदालत जनकपुरका न्यायाधीश नरिश्वर भण्डारी र खेमराज भट्टको इजलासले चैत ६ गते बमजनलाई बाल यौन दुरूपयोग गरेको अभियोगमा सफाइ दिएका थिए।

सर्लाही जिल्ला अदालतका न्यायाधीश जीवनकुमार भण्डारीको इजलासले २०८१ असार १७ गते १० वर्ष कैद सजाय र बालिकालाई ५ लाख रुपैयाँ क्षतिपूर्तिको फैसला गरेको थियो।

उक्त फैसलालाई उच्च अदालतका न्यायाधीशहरूले उल्ट्याउँदै सफाइ दिने फैसला गरेका थिए।

उच्च अदालत जनकपुरले गरेको फैसलाको पूर्णपाठ सार्वजनिक भएपछि उच्च सरकारी वकिलको कार्यालय जनकपुरमार्फत पुनरावेदनका लागि महान्यायाधिवक्ता कार्यालयमा पत्राचार भएको थियो।

सो अनुसार साउन ७ गते उक्त फैसलाको पुनरावेदनमा जाने निर्णय भएको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता तथा सहन्यायाधिवक्ता उद्वप्रसाद पुडासैनीले जानकारी दिए।

यसरी हदम्याद नै नाघिसकेको भनेर उच्च अदालतले फैसला गरेपछि महान्यायाधिवक्ता कार्यालयले बालबालिका सम्बन्धी ऐन २०७५मा भएको व्यवस्था देखाएको छ।

उक्त कानुनको दफा ७४ मा हदम्याद सम्बन्धी व्यवस्था छ। बालबालिकामाथि हुने कसुरका हकमा १८ वर्ष पुगेको मितिले थप एक वर्षसम्म पनि मुद्दा दायर गर्न सक्ने व्यवस्था गरिएको हो।

उच्च अदालतले सफाइ दिँदा यो कानुनी व्यवस्थालाई नजरअन्दाज गरेको महान्यायाधिवक्ता कार्यालयको दाबी रहेको छ।

यस घटनामा पीडित गंगामाया १३ वर्षकी हुँदा रौतहटबाट बमजनको आश्रममा गएकी थिइन्। २०७३ साउन २० गतेको राति आश्रममा गंगामायामाथि बमजनले बलात्कार गरेको अभियोग थियो।

दुई वर्षपछि २०७५ साल भदौमा गंगामाया काठमाडौं आएर उक्त घटना सार्वजनिक गरेकी थिइन्।

पत्रकार सम्मेलनपछि उनी महानगरीय अपराध अनुसन्धान महाशाखा (अहिले काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालय) गएकी थिइन्। प्रहरीले हदम्याद गुज्रिएको भनेर उजुरी लिएन। त्यतिखेर बलात्कार मुद्दामा ६ महिनाभित्र दर्ता गरिसक्नुपर्ने हदम्याद थियो।

त्यसको दुई दिनपछि मात्रै बालबालिकासम्बन्धी ऐन प्रमाणीकरण भएको थियो। त्यही कानुनलाई टेकेर बमजनविरूद्ध अभियोग तयार भएको थियो।

अहिले महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालतको निर्णय नम्बर ७४३२ को नजिरलाई आधार बनाएको सहन्यायाधिवक्ता पुडासैनीले बताए।

# गाँजासहित एक जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट। रौतहटको गुजरा नगरपालिका-२ बाट इलाका प्रहरी चन्द्रनिगाहपुरले गाँजासहित एक जनालाई पक्राउ गरिएको छ।

जिल्लाको गुजरा नगरपालिका-२ का ५५ वर्षीय गोपालबहादुर थिङलाई गाँजासहित पक्राउ गरेको इलाका प्रहरी चन्द्रनिगाहपुरले जानकारी दिएको छ।

थिङले आफ्नै घरमा लागू औषध गाँजा खरिद बिक्री गरीरहेको सूचना पाएपछि प्रहरी चौकी रंगपुर र इलाका प्रहरी चन्द्रनिगाहपुरको संयुक्त टोली खटेको थियो।



रौतहट प्रहरीले थिङको घर खनतलासी गर्दा कोठामा लुकाइराखेको ३ किलो ५० ग्राम लागूऔषध गाँजा फेला पारेको जनाएको छ। खानतलासीको क्रममा प्रहरीले ७८ हजार नेपाली र ६ सय १० भारतीय रुपैयाँ फेला पारेको जनाइएको छ।

पक्राउ परेका थिङसित प्रहरीले सोधपुछ गरिरहेको छ। उनले गाँजा कहाँबाट ल्याएको भन्नेबारे अहिले नै थाहा हुन नसकेको प्रहरीले जनाएको छ।

एक साताअघि धन्सार क्षेत्रमा इलाका प्रहरी चन्द्रनिगाहपुरको टोलीले बारा, निजगढ नगरपालिका-१२ का ३४ वर्षीय दीपक थिङलाई ९ किलो ७५० ग्राम लागूऔषध गाँजासहित पक्राउ गरेको थियो।

# लज सञ्चालकसहित तीन जोडी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा देह व्यापार फस्टाउँदै गएको भन्दै प्रहरीले विभिन्न ठाउँमा छापामारी गर्दा तीन जोडीसहित होटेल सञ्चालकलाई नियन्त्रणमा लिएको छ।

धनुषाको गणेशमानचारनाथ नगरपालिकामा देह व्यापारमा संलग्न आरोपमा सात जनालाई पक्राउ गरिएको छ भने एक जना होटेल सञ्चालक फरार रहेको प्रहरीले पक्राउ गरिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषा र इलाका प्रहरी कार्यालय ढल्केबरको संयुक्त टोलीले धनुषाको गणेशमान चारनाथ नगरपालिका वडा नम्बर ७ स्थित दुईवटा होटलमा छापा मारेको छ।

मानव होटल र गोदावरी होटल मा छापा मार्दा मानव होटलबाट ३ जना महिला, तीन जना पुरुष सहित सञ्चालक राजेन्द्र महतोलाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

गोदावरी होटलबाट १ जना महिला र १ जना पुरुषलाई पक्राउ गरिएको छ। होटलका सञ्चालक विजय राउत भने फरार रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेकाहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि ईलाका प्रहरी कार्यालय ढल्केबरमा




रखिएको छ भने फरार होटल सञ्चालक राउतको खोजी जारी रहेको धनुषा प्रहरीले जनाएको छ।

केही दिन अघि ढल्केवरस्थित होटेल र डान्सबारमा स्थानीयहरुको सहयोगमा प्रहरीले देहव्यापार गरिरहेको अरोपमा होटेल तथा डान्सबार बन्द गराएको थियो।

# पत्रकारलाई दुर्व्यवहार गर्ने सनाउल्लाह पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिकामा भएको अनियमितता र भ्रष्टाचारबारे समाचार लेख्ने पत्रकारलाई दुर्व्यवहार गरेको आरोपमा कार्यवाहक मेयर अम्बेया खातुनका छोरा मोहम्मद सनाउल्लाहविरुद्ध जिल्ला अदालत रौतहटले पक्राउ पुर्जी जारी गरिएको छ।

इलाका प्रहरी कार्यालय विजयपुरले पक्राउ पूर्जीका लागि अनुमति माग गरेपछि अदालतले पक्राउ गर्न आदेश दिएको प्रहरी इन्स्पेक्टर सुरेन्द्र यादवले जानकारी दिए। पत्रकार कृष्ण तिवारीमाथि साउन ३० गते नगरसभा कार्यक्रममा सहभागी हुन जाने क्रममा सन्तपुर चौक नजिकै रोकेर सनाउल्लाहले



दुर्व्यवहार गरेका थिए।

पीडित पत्रकार तिवारीले जाहेरी दिएपछि रौतहट प्रहरीका प्रहरी उपरीक्षक नेत्रमणि गिरीको निर्देशनमा घटनाको अनुसन्धान गरी सनाउल्लाहमाथि अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरिएको थियो। हाल उनलाई खोजतलास गरी पक्राउ गर्न छुट्टै प्रहरी टोली परिचालन गरिएको इलाका प्रहरी कार्यालय विजयपुरले जनाएको छ।

महालेखा परीक्षकको प्रतिवेदनले नगरपालिकामा इन्धन र यातायात खर्चमा अनियमितता भएको प्रस्ट्याएको थियो। सो प्रतिवेदनकै आधारमा पत्रकार तिवारीले समाचार लेखेका थिए। तर समाचार सार्वजनिक भएपछि उपमेयर खातुनका छोराले पत्रकारमाथि दुर्व्यवहार गरेको चौतर्फी आरोप लागेको छ।

२०७९ सालको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट गोपाल प्रसाद यादव मेयर र अम्बेया खातुन उपमेयर निर्वाचित भएका छन्। तर मेयर यादव विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा दोषी ठहरिएपछि खातुन कार्यवाहक छिन्।

# सेवाश्रमका संस्थापक कोइरालाको निधन

**टुडे समाचारदाता**



मलंगवा । सर्लाहीको लालबन्दी-२ स्थित पद्म भुवनेश्वरी नमुना वृद्ध सेवाश्रमका संस्थापक अध्यक्ष वासुदेव शरण कोइरालाको निधन भएको छ।

मंगलबार बिहान ९३ वर्षको उमेरमा उनको निधन भएको संस्थाकी अध्यक्षसमेत रहेकी उनकी छोरी भवानी कोइरालाले जानकारी दिइन्।

कोइराला कांग्रेसका पुराना नेतासमेत हुन्। उनले कांग्रेसका संस्थापक अध्यक्ष बीपी कोइरालासँगै नेपाली कांग्रेसको राजनीति सुरु गरेका थिए।

विगत केही वर्षदेखि असक्त रहेका कोइरालाको आज बिहान आश्रममै निधन भएको छ।

आश्रममै पुगेर नेपाली कांग्रेसका नेताकार्यकर्तासँगै समाजका विभिन्न क्षेत्रका प्रतिनिधिले कोइरालाप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए।

यसअघि नै कोइरालाले आफ्नो शरीर सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययनरत चिकित्सा शिक्षाका विद्यार्थीलाई प्रदान गर्ने घोषणा गरेका थिए।

सोही अनुसार केही बेरमै उनको शरीर धरान लगिने छोरी भवानीले बताइन्।

७० वर्षसम्म कांग्रेसको सक्रिय राजनीति गरेका कोइराला तीन कार्यकाल कांग्रेस सर्लाहीको सभापति पनि भएका थिए। उनी कांग्रेस निकट किसान संघको केन्द्रीय अध्यक्षसमेत बनेका थिए।

उनकी पत्नी, एक छोरा र तीन छोरी छन्। उनी बीपीसँगै स्वदेश फर्किएपछि घरलाई वृद्धाश्रम बनाएका थिए।

# यादवको हत्या प्रकरणका आरोपी धीरेन्द्र राय पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको हरिपुर्वाका रामपुकार यादवको गोली हानी हत्या गरिएको घटनामा प्रहरीले अभियुक्तको कोठाबाट हतियार बरामद भएको दाबी गरेको छ।

जिल्लाको दक्षिण-पूर्वी ग्रामीण भेगस्थित हरिपूर्वा नगरपालिका-६ का ४० वर्षीय रामपुकार यादवको गएको शुक्रबार घरमा बसिरहेका बेला गोली प्रहार गरी हत्या भएको थियो। कन्चटमा गोली प्रहार हुँदा गम्भीर घाइते भएका रामपुकारलाई उपचारका लागि महोत्तरीको सोनामा गाउँपालिकास्थित एक अस्पतालमा पुर्‍याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए।

प्रहरीले रामपुकारको हत्यामा संलग्न रहेका हरिपूर्वा नगरपालिका-५ का २६ वर्षीय धीरु भन्ने धीरेन्द्र रायलाई पक्राउ गरेको छ। रामपुकारलाई गोली प्रहार गरेर भाग्दै गरेका व्यक्तिहरु हरिपूर्वाकै बसन्तपुर क्षेत्रमा मोटरसाइकल दुर्घटनामा परेका थिए।

सर्लाही प्रहरीले घटनास्थलबाट बीआर ३० एजी २३५४ नम्वरको भारतीय मोटरसाइकल र घाइते अवस्थामा धीरेन्द्रलाई फेला पारेको थियो। जनकपुरमा उपचारपछि धीरेन्द्रलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा ल्याएर राखिएको छ।

धीरेन्द्र प्रहरीको फरार सूचीमा रहेका छन्। उनले २०८१ असोज ९ गते राति गोली प्रहार गरी श्रीमती २३ वर्षीया चित्रलेखा यादवको हत्या गरेका थिए। त्यसबेला गोली लागेर धीरेन्द्रका बुवा ५४ वर्षीय रामदिनेश यादव घाइते भएका




थिए।

उक्त घटनादेखि फरार रहेका धीरेन्द्रले नै रामपुकारको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।

सर्लाही प्रहरीले धीरेन्द्रलाई मलंगवा ल्याएर बयान लिँदा मलंगवा नगरपालिका ९ स्थित सुशील साहको घरमा आफू कोठा भाडा लिएर बस्ने गरेको र सो कोठामा गएर खानतलासी लिँदा एक थान नलकटुवा पेस्तोल र फायर भइसकेको एक थान गोलीको खोका बरामद भएको प्रहरीले दावी गरेको हो। सर्लाही प्रहरीका सूचना अधिकारी एवं डिएसपी सरोज राईले घटनास्थल अर्थात् रामपुकारलाई गोली प्रहार गरिएको ठाउँबाट पनि एक थान फायर भइसकेको गोलीको खोका बरामद भएको दावी गरेका छन्। लागूऔषध सेवनकर्ता छोरासँगको विवादका कारण रामपुकारमाथि गोली प्रहार हुन पुगेको पाइएको छ। छोरासँगको विवाद फरार रहेका व्यक्तिसँग भएको तर गोली प्रहार गर्ने सुटरको रुपमा धीरेन्द्रलाई प्रयोग गरेको स्रोतले जनाएको छ।

डिएसपी राईले धीरेन्द्रविरुद्ध सर्लाही जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा ७ दिन म्याद थप गरेर अनुसन्धान भइरहेको जनाए। उनले फरार रहेका अर्का व्यक्तिको पनि खोजी भइरहेको बताए।

फरार रहेका व्यक्ति केहीवर्ष अघि भारतबाट आएर हरिपूर्वामै घर बनाएर बस्दै आएको बुझिएको छ। फरार रहेका व्यक्तिसमेत भारतमा आफ्नै आमाको हत्यामा संलग्न रहेको स्रोतको दाबी छ।

# खानेपानीको समस्या

**टुडे समाचारदाता**

राजविराज। विगत तीन महिना देखि सप्तरीको रूपनी गाउँपालिका-१ मा देखिएको खानेपानीको संकट अब समाधान हुने भएको छ। गाउँपालिका अध्यक्ष दिनेशकुमार यादव वडामै पुगेर त्यहाँका स्थानीयहरूसँग छलफल गर्दै खानेपानी समस्याको समाधानका लागि तदारुकता देखएका छन्।

रूपनीको वडा १ मा तीन महिनादेखि सबै ट्रयुबवेल सुकिसकेको छ भने पाँच सयदेखि एक किलोमिटरको दुरी तय गरेर स्थानीयले पानी ल्याउने गरेका छन्। त्यसमा पनि सबैभन्दा बढी प्रभावित त्यहाँको सदा बस्ती भएको छ।

सदा बस्तीमा एक सय घरधुरीका करीब पाँचसय जनसंख्या मावि रायपुरको ट्रयुववेलबाट पानी ल्याएर काम चलाउँदै गरेको स्थानीय सत्यनारायण यादवले बताए।

गाउँपालिका अध्यक्ष यादवसँगै राष्ट्रिय कृषक समूह महासंघ नेपाल रुपनी गाउँपालिकाका कार्यक्रम सहायक रामनारायण मेहतासहितको टोलीले वडाको अवलोकन गर्दे स्थानियहरुलाई दुई-तीन भित्र सोलार प्यानल जडानसहितको समर्सियल बोरिङ मार्फत पानी उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे।।

राष्ट्रिय कृषक समूह महासंघ नेपालको सहयोगमा तत्काल एउटा समर्सियल बोरिङ दुई-तीन भित्रै सञ्चालनमा ल्याइने छ भने यसबाट सदाबस्तीको खानेपानी समस्या समाधान हुने अध्यक्ष यादवले बताए।

महासंघका महतोले दुई दिनभित्र स्थानियलाई खानेपानी



उपलब्ध हुने गरी बोरिङ जडानको काम शुरु गर्न लागिएको बताए। उनले जनाए अनुसार बोरिङ सम्पन्न भएपछि बस्तीका सबै घरधुरीलाई सहजै खानेपानी उपलब्ध हुनेछ।

गाउँपालिका अध्यक्ष यादवसँग स्थानीयवासीले तत्काल समस्या समाधान भए पनि दीर्घकालीन रूपमा खानेपानी समस्याको समाधान तर्फ ध्यान दिनका लागि आग्रह गरेका छन्।

**मानव बेचबिखन अपराध हो।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचविखन मानिने कार्य हुन्।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ।

त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८